चलचित्रकर्मीको हितलाई केन्द्रमा राखी काम... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक २२२ • २०८२ साल पुस २६ गते शनिबार (10 January, Saturday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## पर्यटन प्रवर्द्धनका लागि सिलिगुढीमा मेला

टुडे समाचारदाता

सिलिगुढी । धार्मिक, सांस्कृतिक, पर्यटनीय क्षेत्रको प्रचुर सम्भावना रहे पनि यसको प्रचारप्रसारको अभावका कारण मधेश प्रदेश, कोशी प्रदेशलगायतका क्षेत्रमा पर्यटकहरु अपेक्षाकृत उल्लेख्य रुपमा नरहेकाले यसको प्रचारप्रसार नेपाल-भारततर्फका सरोकारवालले चासो लिएका छन् ।

धार्मिक, सांस्कृतिक महत्व रहे पनि उल्लेख्य रुपमा पर्यटकलाई बुझाउने गरी यसको जानकारी हुन नसक्दा पर्यटकहरु अन्योलमा पर्ने गरेकाले ट्राभल्स टुर्स र होटेल व्यवसायीहरुसंगै मधेश प्रदेश र कोशी प्रदेश सरकारले आ-आफ्नो क्षेत्रको यथेष्ट जानकारीसहितका लागि मेलाको आयोजना गरिएको छ ।




बंगाल ट्राभल मार्टस्, नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा पर्यटन प्रवर्द्धन विषयक तीन दिवसीय पर्यटन मेला भारतको पश्चिम बंगालस्थित सिलिगुढीमा शुक्रबारदेखि शुरु भएको छ ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय मधेश प्रदेश, कोशी प्रदेश सरकार र होटेल एशोसिएसन अफ नेपाल मधेश प्रदेशको संयुक्त तत्वावधानमा मधेश प्रदेशबाट पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेको नेतृत्वमा होटेल एशोसिएसन नेपाल मधेश प्रदेशका अध्यक्ष हिरा गौतम, अञ्जनी स्वीट्सका प्रतिनिधिलगायतका होटेल व्यवसायीहरुको सहभागिता रहेको छ ।

तीन दिनसम्म चल्ने उक्त मेलामा भारत र नेपालको पर्यटन प्रवर्द्धनका लागि सहकार्य गर्ने उद्देश्यले दुई देशका पर्यटन व्यवसायीहरु छलफलसमेत गरेका छन् ।

मधेश प्रदेशबाट सांस्कृतिक धार्मिक परम्परागत भोजनको प्रवर्द्धन गर्दा मधेश प्रदेशमा पर्यटकहरुको आकर्षण बढ्ने सचिव घिमिरेले बताए ।

मधेशलगायतका विभिन्न क्षेत्रमा आउने पर्यटनलाई पर्यटकका रुपमा आकर्षित गर्न योजना र रणनीतिका लागि समेत दुवै देशबीचका होटेल व्यवसायीहरु अग्रसर देखिएका छन् ।

तुलनात्मक रुपमा विगतभन्दा अहिलेको मधेश प्रदेश, कोशी प्रदेशलगायतका विभिन्न प्रदेशको पर्यटकीय क्षेत्रमा व्यापक फड्को मारेकाले यसको धार्मिक, सांस्कृतिक, परम्परागत भोजन र पर्यटक स्थल र देवभूमिसहितको स्थलको विस्तृत रुपमा अवगत गराउँदै एकअर्काबीचको समन्वय र सहकार्यमा सचिव घिमिरेले जोड दिए ।

यस मेलामा होटेल र टुर्स ट्राभल्सहरुको प्रचारप्रसार र धार्मिक सांस्कृतिक स्थल तथा होटेलको सेवा संरचनागत सुविधा र स्थानीयस्तरमा रहेको पर्यटकीय क्षेत्रको अवलोकनलगायतका बारेमा समेत आदानप्रदान गरिएको अञ्जनी स्वीट्सका प्रतिनिधिले जानकारी दिए ।

### कांग्रेस भित्र विद्रोहको स्वर चर्कियो

## विशेष महाधिवेशनमा मधेश प्रदेशको चार जिल्लाबाट बहुमतीय सहभागिता हुने

टुडे समाचारदाता

जनकपुरधाम । जेन- जी आन्दोलनपछि परम्परागत रुपमा हुँदै आएको पार्टी सभापति र एकै व्यक्ति पटकपटक सांसद हुने परम्परा र प्रवृत्तिविरुद्ध नेपाली कांग्रेसभित्र विद्रोहको स्वर चर्किएको छ ।

नेतृत्व परिवर्तन र एकै व्यक्ति दर्जनभन्दा बढी पटक हारे पनि जिते पनि सोही व्यक्ति सांसद र मन्त्री पनि भइरहने परिपाटीको अन्त्यका लागि आफूहरुले विशेष महाधिवेशनमार्फत पार्टी संस्थापनमाथि दबाब सृजना गर्न लागिएको दाबी कांग्रेस मधेश प्रदेश समितिका सदस्य जीवनाथ चौधरीले गरे ।

कांग्रेसको आसन्न विशेष महाधिवेशनमा मधेश प्रदेशको विभिन्न जिल्लाबाट अधिक पदाधिकारी र प्रतिनिधिहरु सहभागी हुने उनले स्पष्ट पारे ।

महामन्त्रीद्वय गगन थापा, विश्वप्रकाश शर्माको आह्वानमा पुस २७ र २८ गते हुन लागेको विशेष महाधिवेशनमा मधेश प्रदेशबाट केही पदाधिकारी र अधिकांश महाधिवेशन प्रतिनिधि सहभागी हुने पार्टी मधेश प्रदेश सदस्य चौधरीले जानकारी दिए ।

विषेश गरी मधेश प्रदेशको सिरहा, सर्लाही, महोत्तरी र रौतहटबाट विशेष महाधिवेशनमा बहुमत पदाधिकारी र प्रतिनिधि भाग लिने भएका छन् ।




सिरहा, सर्लाही, महोत्तरी र रौतहट जिल्लाको विभिन्न निर्वाचन क्षेत्रबाट अत्यधिक संख्यामा प्रतिनिधिहरु सहभागी हुने भएका छन् ।

सिरहाका चार वटै निर्वाचन क्षेत्रमा १ सय ३ जना प्रतिनिधि छन् । जसमध्ये क्षेत्र नम्बर १ मा २५ जना रहेकामा १९ जना, क्षेत्र नम्बर २ मा २६ जना रहेकामा १२ जना, क्षेत्र नम्बर ३ मा २६ जना रहेकामा २४ जना र क्षेत्र नम्बर ४ मा २५ जना रहेकामा १९ जान जान लागेका छन् ।

यसमध्ये १०/१५ जना बिहीबार नै गइसकेको, केही प्रतिनिधि शुक्रबार पनि गएको र अन्य बाँकी प्रतिनिधि शनिबार चार वटै क्षेत्रबाट जाने जिल्ला सचिव शैलेन्द्र यादवले बताए ।

यससंगै सिरहा जिल्ला कार्यसमितिका बहुमत पदाधिकारी पनि विशेष महाधिवेशनमा सहभागी हुने भएका छन् । सिरहा जिल्लाका सभापति रामचन्द्र यादवबाहेक उपसभापति सुनिल कुमार महतो, सचिव शैलेन्द्र यादव, सहसचिव रामबाबु यादव, प्रवक्ता गंगा प्रसाद यादवलगायत जाने छन् ।

त्यस्तै अर्का उपसभापति जागेश्वर मण्डल भने तटस्थ बसेका छन् ।

त्यस्तै सप्तरी, धनुषा, बारा र पर्सा जिल्लाबाट भने संख्यात्मक रुपमा सहभागी हुने भएको देखिन्छ । तर धनुषालगायतका विभिन्न जिल्लाबाट करिब ४० प्रतिशतभन्दा बढी पदाधिकारी र प्रतिनिधिहरु विशेष महाधिवेशनमा सहभागी हुने प्रदेश सदस्य चौधरीको भनाइ छ ।

मधेश प्रदेशको धनुषा जिल्लाबाट हँसपुर नगरपालिकाका मेयरसमेत रहेका पार्टीको प्रदेश कोषाध्यक्ष प्रदीप यादव, कांग्रेस धनुषाका सभापति योगेन्द्र पँजियार, प्रफुल्लराज घिमिरे, धीरेन्द्र मोहन झा, दिगम्बर राय, कोमलकान्त झा, मुक्ता यादव, सम्झना वर्मालगायत ३० जनाभन्दा बढी पदाधिकारी र प्रतिनिधिसमेत विशेष महाधिवेशनमा सहभागी हुने प्रदेश सदस्य चौधरीले दाबी गरे ।

उनले सप्तरी, धनुषा, बारा र पर्सा जिल्ला पार्टीका केही जिल्ला सभापतिसहितका पदाधिकारी र प्रतिनिधिहरुको संख्या वृद्धि हुने क्रम जारी नै रहेको स्पष्ट पारे ।

तर यता कांग्रेस मधेश प्रदेशअन्तर्गतका जिल्लाका सभापतिहरूले पार्टी विधान विपरीत हुने कुनै पनि गतिविधिमा संलग्न नहुन पार्टीका सबै तहका नेता तथा कार्यकर्ताहरूलाई आग्रह गरेका छन् ।

संस्थापन पक्षले भने पार्टी विधानअनुसार 'महाधिवेशन' वा 'विशेष महाधिवेशन' बोलाउने अधिकार केन्द्रीय कार्यसमितिमा मात्र निहित रहेको स्पष्ट पारिएको छ ।

कुनै पनि पदाधिकारी वा सदस्यले व्यक्तिगत रूपमा महाधिवेशन वा विशेष महाधिवेशनको नाममा कार्यक्रम वा गतिविधि सञ्चालन गर्नु विधान विपरीत हुने उल्लेख गर्दै त्यस्ता गतिविधिमा सहभागी नहुन आग्रह गरिएको छ ।

## पुरातात्विक विभागसहितको टोलीद्वारा रामायण भवनको निरीक्षण



टुडे समाचारदाता

जनकपुरधाम । धार्मिक तथा सांस्कृतिक धरोहर रामायण भवनको पुनर्निर्माण तथा जीर्णोद्धारका लागि प्रक्रिया अघि बढाइएको छ ।

यस क्रममा पुरातत्व विभागसहितको विज्ञ टोलीले जनकपुरधामस्थित जीर्ण रामायण भवनको निरीक्षण गरेका छन् । उक्त भवनको चारवटै भित्ता र माथि छतमा राम चरित मानस लेखिएको छ भने विभिन्न रामायणकालीन घटनाहरु दर्शाइएका चित्रांकनसमेत रहेको छ । उक्त भवन आन्तरिक कलहका कारण लामो समयदेखि उपेक्षित बनेपछि बन्द रहेको थियो ।

उक्त विज्ञ टोलीले भवनको विभिन्न भागलाई फोडेर भवनमा पुगेको क्षतिबारे अध्ययन गरेको जनाइएको छ । निरीक्षण पश्चात विज्ञ टोलीमध्येका प्रा.डा. गोकर्णमान माथुराले रामायण भवनको भुइँ तल्लाको अवस्था राम्रो रहे पनि माथिल्लोको मुख्य तल्ला भने कमजोर देखिएको बताए ।

यसलाई भत्काएर पुनर्निर्माण गर्नु पर्ने अवस्था रहेको उनको भनाइ छ ।

निरीक्षण टोलीमा पुरातत्व विभागका ई. गोविन्द महर्जन, अमृता महर्ज़न, ई.भीम अधिकारी र गुठी संस्थानका ई. राजीव साहलगायतका सहभागी रहेका छन् ।

टोलीले रामायण भवनको वर्तमान संरचना, ऐतिहासिक महत्व तथा संरक्षणका सम्भावनाबारे अध्ययन गर्दै पुनर्निर्माण वा जीर्णोद्धारको उपयुक्त मोडालिटी तय गरिने उनले प्रस्ट्याए । निकट भविष्यमा आवश्यक प्रक्रिया पूरा गरी यथाशीघ्र कार्य प्रारम्भ गरिने उनले बताए ।

यस विषयमा जानकारी दिँदै मारवाडी सेवा समिति जनकपुरधामका अध्यक्ष निर्मल कुमार चौधरीले रामायण भवन धार्मिक, सांस्कृतिक तथा पर्यटनको दृष्टिले अत्यन्त महत्वपूर्ण सम्पदा भएकाले यसको संरक्षण र समुचित पुनःस्थापनामा सबै पक्ष गम्भीर रहेको बताए ।

### राम चरित मानसमा आधारित रामायण भवन

राम चरित मानस आउने युवा पुस्तामा समेत हस्तान्तरण गर्ने उद्देश्यले निर्माण गरिएको रामायण भवन संरक्षण अभावमा लामो समयदेखि जीर्णाद्धारको प्रतीक्षामा रहेको छ । तुलसी दासद्वारा रचित रामचरित मानस लेखिएको उक्त भवनको संरक्षण तर्फ लामो समयदेखि बेवास्ता गर्दा भवनको अस्तित्व नै मेटिने कगारमा पुगेपछि उक्त टोलीले पहलकदमी लिएको छ ।

धनुष सागर पोखरीको डिल अवस्थित रामायण भवनको भित्री भित्तामा रामचरित मानस लेखिएको छ भने सीतारामको विवाहसंग सम्बन्धित तस्बिरहरु कुँदिएका छन् । केही वर्ष अगाडिसम्म रामायण भवन श्रद्धालु भक्तजनहरुको लागि आकर्षणको केन्द्र नै थियो । भने उक्त भवनको तल्लोस्थल श्रद्धालुहरुका लागि विश्राम कक्ष थियो । तर उक्त भवन जीर्णसंगै अहिले सो स्थल व्यवसायीहरुको कब्जामा परेको छ ।

जनकपुरधाम आउने पर्यटकहरु जानकी मन्दिर, राम मन्दिर, राजदेवी मन्दिरमा पूजा गरेपछि उक्त भवनमा समेत पूजा अर्चना गरी विश्राम गर्ने गरेका थिए ।

लामो समयदेखि कसैले वास्ता नगर्दा सत्यसाई केन्द्रले योजनावद्ध रुपमा रामायण भवनमा कब्जा जमाएको थियो । त्यसपछि गौ संरक्षण मञ्चले उक्त अतिक्रमित भवन खाली गराए पनि सोको जीर्णोद्धारका लागि सरोकारवालाले चासो नै देखाएनन् ।

मञ्चका अध्यक्ष जगदीश महासेठले रामायण भवनमाथि रहेको केन्द्रको कब्जा हटाउन प्रशासनलाई शुरुमा गरे पनि स्थानीय प्रशासनले पनि चासो नलिएपछि उनी तत्कालीन पुनरावेदन अदालत जनकपुमा मुद्दा नै दिए । सो रिटपछि अदालतले सत्यसाई केन्द्रलाई रामायण भवन खाली गर्न फैसला गरेको थियो ।

दर्जनभन्दा बढी युवा क्लबले धार्मिक सांस्कृतिक नाममा विभिन्न खाले उत्सव गर्ने देखि छठ पर्वमा पोखरीको साजसज्जा गर्ने गरे धार्मिक धरोहरकै रक्षा नगरी निहित स्वार्थमा केन्द्रित हुनु दुर्भाग्य रहेको उनको भनाइ छ ।

रामायण भवनको नाममा काठमाण्डुमा अक्षय कोष पनि रहेको छ । सो कोषमा ३ करोड ३ लाख रुपैयाँ जम्मा रहेको बताइन्छ । उक्त रकमको ब्याजबाट पनि रामायण भवनको जीर्णोद्धार गर्न सकिने स्थानीयवासीहरु बताउँछन् । तर अक्षय कोषमा रहेको रकमको विषयमा अहिलेसम्म जनकपुरधामबासी समक्ष सार्वजनिक नगर्नुले सो पैसामा समेत अनियमितता भएको हुन सक्ने स्थानीय युवाहरुले आरोप लगाएका छन् ।

रामायण भवनको नाममा रहेको ११ बिघा जग्गा बेचेर सो अक्षय कोष खडा गरिएको थियो । रामायण भवनको नाममा धनुषाको धारापानीमा रहेको ११ बिघा जग्गामा नेपाली सेनाले क्याम्प निर्माण गरेपछि सो जग्गा सेनाले नै खरिद गरेको थियो ।

नेपाली सेनाले सो जग्गा ४ करोडमा खरिद गरेको थियो । सोही ४ करोड रुपैयाँको काठमाडौंमै अक्षय कोष खडा गरिएको थियो तर अहिले अक्षय कोषमा ३ करोड ३ लाख रुपैयाँ मात्रै रहेको र बाँकी ९७ लाख रुपैयाँ अनियमितता भएको युवाहरुले बताएका छन् ।

तर अक्षयकोषको विषयमा गुठी संस्थान जनकपुरधाम भने मौन रहेको छ ।

२०७१ सालमा केन्द्रीय गुठी कार्यालयले रामायण भवनको सौन्दर्यीकरण एवं जिर्णोद्धारका लागि २५ लाख रकम छुट्याएको थियो ।



# नेपालमा २७ देखि ४६ वर्ष उमेर समूहका व्यक्तिको औसत खर्चभन्दा आम्दानी बढी : सरकारी अध्ययन

काठमाण्डु । नेपालमा २७ देखि ४६ वर्ष उमेर समूहका व्यक्तिको औसत खर्चभन्दा आम्दानी बढी देखिएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले शुक्रबार सार्वजनिक गरेको 'नेसलन ट्रान्सफर एकाउन्ट' प्रतिवेदनले २७ वर्षभन्दा कम र ४६ वर्षभन्दा माथिको उमेर समूहको आम्दानीभन्दा उपभोग बढी रहेकाले जीवन चक्रीय अभाव (लाइफ साइकल डेफिसिट) रहेको देखाएको हो ।



प्रतिवेदन सार्वजनिक गर्दै अर्थमन्त्री रामेश्वरप्रसाद खनालले यो प्रतिवेदनले मान्छेको व्यक्तिगत जीवनमा कुन-कुन उमेरमा आम्दानी र खर्चको अवस्था कस्तो छ भनेर बुझ्न मद्दत पुग्ने बताउनुभयो । सामाजिक सुरक्षाका कार्यक्रमको प्रभावकारी कार्यान्वयन, औद्योगिकलगायतका नीति निर्माण तथा रोजगारी सिर्जनाका कार्यक्रम तयार पार्न यी तथ्याङ्क महत्वपूर्ण हुने उहाँले बताउनुभयो । "तथ्याङ्क भएन भने हामीले असल नीति बनाउन सक्दैनौँ । नेसनल ट्रान्सफर एकाउन्ट र गरिबीको लघुक्षेत्र अनुमान प्रतिवेदनले हामीलाई कस्ता नीति र योजना बनाउनु पर्छ भन्ने देखाउँछ," उहाँले भन्नुभयो, "यस्ता तथ्याङ्क हामी आफैँले तयार पार्नुपर्छ । सरकारकै बजेटबाट अध्ययन गरेर विश्वसनीय तथ्याङ्क राख्ने र यसले नीतिगत सुधार तथा विकास योजना तयार गर्दा महत्वपूर्ण भूमिका खेल्छन् ।"

कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी कमलप्रसाद पोखेलले नेसनल ट्रान्सफर एकाउन्ट प्रतिवेदन नेपालमा पहिलो पटक तयार पारिएको र यसले विभिन्न उमेर समूहका व्यक्तिको आय, उपभोग, बचत र स्रोतको हस्तान्तरण कसरी भइरहेको छ भनेर हेरिएको बताउनुभयो । गरिबीको लघुक्षेत्र अनुमान प्रतिवेदन सङ्घीयता कार्यान्वयनपछि पहिलोपटक तयार पारिएको हो । यो प्रतिवेदनले सङ्घ, प्रदेश र स्थानीय तहलाई गरिबी लक्षित योजना तथा कार्यक्रम बनाउन सहयोग पुग्ने अपेक्षा उहाँले व्यक्त गर्नुभयो ।

नेसनल ट्रान्सफर एकाउन्ट प्रतिवेदनले व्यक्तिको जीवनचक्र खातालाई प्रतिव्यक्ति र कुल सङ्ख्याका आधारमा अध्ययन गरेको छ । "जनसङ्ख्याको उमेरगत वितरणलाई तीन समूह (बालबालिका तथा युवा ०-२४ वर्ष, काम गर्ने उमेर समूह २५- ६४ वर्ष र वृद्ध जनसङ्ख्या ६५ वर्ष तथा सोभन्दा माथि) मा विभाजन गरी हेर्दा आर्थिक वर्ष २०७८/७९ मा जीवनचक्र घाटा सबैभन्दा कम २५-६४ वर्ष उमेर समूहमा देखिन्छ । यद्यपि यस समूहले पनि बचत पर्याप्त रूपमा गरेको देखिँदैन", प्रतिवेदनमा भनिएको छ ।

प्रतिव्यक्ति सबैभन्दा बढी जीवन चक्र घाटा ६५ वर्ष र सोभन्दा माथि उमेर समूहमा रहेको छभने समग्रमा सबैभन्दा बढी घाटा ०-२४ वर्ष उमेर समूहमा देखिन्छ । प्रतिव्यक्ति उपभोग २५- ६४ वर्षमा सबैभन्दा बढी र ०-२४ वर्षमा सबैभन्दा कम देखिएको छ ।

उमेरको विन्दुगत उपभोग र श्रमआम्दानीको अवस्था हेर्दा जन्मेदेखि २६ वर्ष उमेरसम्म श्रम आम्दानीभन्दा खर्च बढी देखिएको हुनाले जीवन चक्रीय अभाव देखिन्छ भने २७ वर्ष देखि ४६ वर्षको अवधिमा खर्चभन्दा आम्दानी बढी भएको हुनाले जीवन चक्रीय बचत रहेको देखिन्छ । त्यसैगरी ४७ वर्ष उमेरपछि श्रम आम्दानीभन्दा खर्च बढी भएकाले जीवन चक्रीय घाटा देखिन्छ ।

प्रतिवेदनअनुसार नेपालमा व्यक्तिको जीवनचक्रमा करिब २० वर्षको उमेर अवधिमा मात्र औसत रूपमा जीवनचक्र मुनाफा देखिन्छ । बाँकी उमेर अवधिमा जीवनचक्र घाटा देखिने भएकाले सो अवधिको उपभोग सम्पत्तिको पुनर्वितरणमार्फत वा पारिवारिक तथा सार्वजनिक हस्तान्तरणको माध्यमबाट पूरा गर्नुपर्ने अवस्था रहेको प्रतिवेदनमा उल्लेख छ ।

सार्वजनिक र निजी उपभोग अलग गरी हेर्दा प्रतिव्यक्ति निजी उपभोग सार्वजनिक उपभोगभन्दा निकै ठूलो देखिएको छ । स्वास्थ्य क्षेत्रमा प्रतिव्यक्ति सार्वजनिक उपभोग योगदानमा निजी उपभोगभन्दा ९०२ एकाइले बढी छ ।

सन् २०२१/२२ मा प्रतिव्यक्ति कुल श्रम आम्दानी लगभग रु ८७ हजार ८१४ रहेको छ । कुल श्रम आम्दानीको लगभग ६९ प्रतिशत हिस्सा तलब तथा ज्यालाको छभने लगभग ३१ प्रतिशत हिस्सा स्वरोजगारबाट प्राप्त आम्दानीको रहेको छ । उमेर समूह अनुसार हेर्दा २५ देखि ६४ वर्ष उमेर समूहको तलब तथा ज्यालाबाट प्राप्त आम्दानीको हिस्सा (७१%) सबैभन्दा ठूलो रहेको छ भने ६५ वर्ष र माथिका वृद्ध उमेर समूहमा यो हिस्सा सबैभन्दा कम (३५%) रहेको छ ।

यसरी उपभोग र श्रम आम्दानीबीच तुलनात्मक रूपमा ठूलो अन्तर देखिन्छ । देशको कुल उपभोगभन्दा कुल श्रम आम्दानी कम भएकाले ठूलो जीवनचक्र घाटा रहेको प्रतिवेदनमा उल्लेख छ ।

नेपाल श्रमशक्ति सर्वेक्षण सन् २०१७/१८ ले नेपालको बेरोजगारी दर ११ दशमलव चार प्रतिशत देखाउनुले नेपालमा बेरोजगारीका कारण उपभोग र श्रम आयबीच ठूलो खाडल स्थापित भएको छ भन्ने आधार स्पष्ट हुन्छ । रासस

# ७२ घण्टा सीमानाका बन्द गरिने



**टुडे समाचारदाता**

रौतहट । आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गरी नेपाल-भारत सिमानाका ७२ घण्टासम्म बन्द गरिने निर्णय गरिएको छ ।

रौतहटको चन्द्रनिगाहपुरमा सम्पन्न नेपाल-भारत सीमा संयुक्त समितिको बैठकबाट सो निर्णय गरिएको हो । जनकपुरधाम अन्तर्गतका महोत्तरी, सर्लाही र रौतहट जिल्लाका सुरक्षा अधिकारी तथा भारतको सीतामढीका सुरक्षा अधिकारीहरू बीचको संयुक्त समन्वय समिति बैठकले निर्वाचनको सुरक्षा प्रबन्धबारे छलफल गरेको थियो ।

प्रतिनिधि सभाको निर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न यो नियमित सीमा सुरक्षा समितिको बैठक आयोजना गरिएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले जानकारी दिए । नेपाल वा भारत जहाँ निर्वाचन भए पनि सीमानाका बन्द गर्ने परिपाटी अनुसार नेपालमा हुन लागेको प्रतिनिधिसभा चुनावका लागि यो निर्णय गरिएको उनले स्पष्ट पारे ।

बैठकमा सीमा अपराध नियन्त्रण, लागुऔषध नियन्त्रण, भन्सार छली नियन्त्रण र सूचना आदानप्रदान लगायत महत्त्वपूर्ण विषयमा पनि छलफल भएको सर्लाहीका सशस्त्र प्रहरी उपरीक्षक देवबहादुर चन्दले बताए ।सशस्त्रका एसपी चन्दका अनुसार बैठकमा सर्लाही, महोत्तरी र रौतहटका प्रमुख जिल्ला अधिकारीसहित नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानका जिल्ला प्रमुखहरूको उपस्थिति रहेको थियो ।

भारतको तर्फबाट सीतामढीका जिल्ला प्रमुख सुरक्षा अधिकारी सहभागी भएका थिए। जिल्लाका सुरक्षा अधिकारीहरूले फागुन २१ को चुनावमा सीमा क्षेत्रमा शान्ति सुरक्षा प्रदान गर्ने र ७२ घण्टासम्म अति आवश्यकबाहेक आवागमन पूर्ण रुपमा ठप्प पार्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

# प्रहारका बीच पनि रोकिएको छैन न्याय सम्पादन

काठमाण्डु । जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते राज्यका महत्वपूर्ण संरचनासँगै आगजनीमा परेको न्यायको सर्वोच्च निकाय सर्वोच्च अदालतका इजलासहरु अहिले पनि पालका भरमा सञ्चालित छन् । त्यस दिन रामशाहपथस्थितको ऐतिहासिक सर्वोच्च अदालत भवन मात्रै जलेन करिब २४ हजार मुद्दामध्ये २० हजार मुद्दाका मिसिल जलेर खरानी भए । कागजात जल्दा न्याय दिने न्यायमूर्ति र न्यायको आशमा रहेका सबैलाई आहत बनायो ।



न्यायालयले आजगनीबाट खरानी भएको संरचनाबाट क्रमशः उठेर आफ्ना काम अघि बढाउने प्रयास जारी राखेको छ । अहिले तिनै जलेर नष्ट भएको कालो भवनको परिसरमा पालमुनिबाट न्याय सम्पादनका काम भइरहेका छन् । संरचना नष्ट भएको प्रताडना त छँदैछ, मुलुकको विषम स्थितिमा पनि अन्तिम आशाको केन्द्र मानिने न्यायालय अहिले धम्की, डर र त्रास खेपिरहेको छ । प्रधानन्यायाधीशलगायत न्यायाधीशहरु सार्वजनिक रुपमै यस्ता धम्कीहरुबारे पीडा व्यक्त गर्न विवश हुनुभएको छ ।

सामाजिक सञ्जाल फेसबुक, टिकटक, युट्युबलगायतमा अहिले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशहरूमाथि आक्षेप लगाउने, मानमर्दन गरिएका तस्बीर समावेश गरी आरोप लगाउँदै खुलेआम गालीगलौज गरिएको देख्न देखिन्छ । जेनजी आन्दोलनको जगमा बनेको वर्तमान सरकारको सिफारिसमा विघटित प्रतिनिधिसिभा पुनःस्थापनाको मागलगायतका रिटहरु पनि सर्वोच्च अदालतमा विचाराधीन छन् । यस विषयमा सामाजिक सञ्जालमा अनेक टीकाटिप्पणी भइरहेका छन् । तर अदालतमा सुनुवाइ हुन बाँकी छ । यस्तो संवैधानिक विवादका गम्भीर मुद्दाको सुनुवाइ नै हुन नपाई न्यायाधीशलाई त्रासमा राखेर न्याय सम्पादनमा असर पुर्‍याउन खोज्नु लोकतन्त्र र देशलाई कमजोर बनाउन खोज्नु हो ।

**'तिमी आदेश/फैसला गर त, हामी देखाइ दिन्छौ भन्ने धम्की आउछ'**

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले सामाजिक सञ्जालको दुरुपयोग गरी न्यायाधीशलाई मुद्दाको विषयमा असर पर्ने गरी डर, त्रास र धम्की दिने गरेको पछिल्ला दिनमा आयोजना गरिएका सम्पादक तथा पत्रकार भेटघाटमा सुनाउनुभएको छ । "तिमी आदेश गर त, तिमी फैसला गर त, हामी देखाइदिन्छौँ," प्रधानन्यायाधीश राउतले भन्नुभयो, "हामी खोजी-खोजी मार्छौं भन्ने धम्की आउँछ ।"

न्यायालय भनेको न्यायाधीशका लागि मात्र नभई समग्र न्यायका उपभोक्ता नागरिकका समेत असर पार्ने विषय हो । "सबैभन्दा डरलाग्दो के छ भने घृणा र द्वेष फैलाउने, दुष्प्रचार गर्ने, एआई जेनेरेटेड सामग्री अदालतको अगाडिको साइनबोर्ड देखाएर यो भ्रष्टाचारको अखडा हो भनिएको छ," प्रधानन्यायाधीश राउतले भन्नुभयो, "यसरी दुष्प्रचार गरिएको छ, मिडिया ट्रायल गर्ने काम भइरहेको छ, यति हुँदा पनि हामी विचलित भएका छैनौँ, संयमता अपनाएका छौँ ।"

उहाँले न्यायालय र न्यायमूर्तिविरुद्ध सामाजिक सञ्जालमार्फत भइरहेको अस्वस्थ प्रहारले न्याय सम्पादनमा समेत असर परिरहेको सुनाउनुभयो । प्रधानन्यायाधीश राउतले थप्नुभयो, "अदालतविरुद्ध घृणा फैलाउने हो भने अराजक अभिव्यक्तिहरुलाई प्रसय दिने हो भने फेरि न्याय सम्पादनका काम कष्टकर हुन्छ, यसको असर सेवाग्राहीमा मात्रै होइन, समग्र नागरिकको हकमै पर्छ ।"

अदालतमाथि शृङ्खलाबद्ध प्रहारले अदालतलाई कमजोर बनाउने काम भएको छ उल्लेख गर्दै उहाँले थप्नुभयो, "न्यायाधीश डरायो भने राज्यको चौथो अङ्ग पनि सुरक्षित हुँदैन, प्रेस स्वतन्त्रता र सम्मानमा कहालिलाग्दो दिन आउन सक्छ, न्यायालय बलियो हुँदा नागरिकलाई ढुक्क हुने अवस्था हुन्छ ।" उहाँका यी भनाइहरु वास्तविकताको धरातलसँग मेल खान्छन् ।

न्यायालयमा सुधार गर्नुपर्ने विषयहरु लामो समयदेखि उठ्दै नआएका भने होइनन् । सुधार आफैँमा निरन्तर प्रक्रिया हो । तत्कालीन न्यायाधीश हरिकृष्ण कार्की नेतृत्वको कार्यदलको प्रतिवेदनले पनि न्यायालयमा सुधार गर्नुपर्ने विषयहरु प्रस्ट रुपमा देखाएको छ । "हामी सच्चिनुपर्ने ठाउँमा सच्चिन पनि तयार छौँ," प्रधानन्यायाधीश राउतले जोड्नुभयो, "हामी हाम्रै कमीकमजारीका कारणले त समस्यामा परेका छैनौँ, निर्मम समीक्षा गरिरहेका छौँ ।"

नियतवश अदालत र न्यायाधीशको हुर्मत लिने छुट पनि कसैलाई नभएको उहाँको भनाइ छ । लोकतान्त्रिक अभ्यास भएको मुलुकमा न्यायालयका नेतृत्वकर्ताका यी प्रतिबद्धता व्यवहार कार्यान्वयन नभए त्यसमा तर्कपूर्ण र न्यायिक रुपमा प्रश्न र सुझाव दिने प्रशस्तै अवसर पनि रहेकै हुन्छन् । लोकतन्त्र, खुल्ला समाज र बहुलवादमा संविधानप्रदत्त अधिकारको भरपुर उपयोग हुँदै आएकै छ । अतिरञ्जना नगरी स्वस्थकर आलोचना न्यायालयले स्वीकार्दै पनि आएको छ ।

आन्दोलनका क्रममा सर्वोच्च अदालतसहित २३ वटा अदालतमा क्षति भए पनि न्याय सम्पादनका काममा नियमितता दिनु न्यायालयको दायित्व हो । अदालतहरूमा तोडफोड, आगजनी तथा लुटपाटका घटनाको थप तथ्यहरु पनि समयक्रममा बाहिर आउने नै छन् । प्रभावित भएकामध्ये १० वटा अदालत पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए । नौवटा अदालतमा आंशिक र चार अदालतमा सामान्य क्षति पुगेको थियो । देशभर करिब ३९ हजार ७४५ थान चालु मिसिल र नौ लाख नौ हजार ५३४ थान अभिलेख मिसिल नष्ट भए पनि आफ्नो जिम्मेवारीबाट न्यायालय पछि हटेको देखिँदैन ।

सर्वोच्च अदालतका प्रवक्ता निराजन पाण्डेका अनुसार यही पुस २१ गतेसम्म सेवाग्राही संस्था, महान्यायाधिवक्ताको कार्यालयबाट गरी हालसम्म जेलका मुद्दाहरुमध्ये १० हजार ३४० मुद्दाका मिसिल तयार भएको छ । सर्वोच्च अदालतले जलेका मिसिलहरु महान्यायाधिवक्ता कार्यालय, नेपाल बार एसोसिएसन र सम्बन्धित मुद्दाका पक्षहरुसँग मिसिल उपलब्ध गराउन पटक पटक आग्रह गरिसकेको छ ।

**'अस्त्रविहीन थलोमाथि अस्त्रकै प्रहार'**

नागरिकलाई कुनै कुराबाट अन्याय परेको अवस्थामा न्यायका लागि आउने निकाय न्यायापलिका हो । कानुन, तथ्य र प्रमाणका आधार हेरेर न्याय/अन्याय छुट्याउने निकाय यही हो । "न्यायापालिका अस्त्रविहीन निकाय हो, हामीमाथि अस्त्रको रुपमा कुनै माध्यमको प्रयोग भइरहेको छ ।" सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले आफ्नो भोगाइ सुनाउँदै भन्नहुन्छ, "न्यायालयमा पनि सुधार गर्नुपर्ने विषय होलान्, सुधार गर्दै पनि जानुपर्छ, तर अतिरञ्जना फैलाउने र धम्की दिने काम गलत होइन ।"

देश अस्थिर, जटिल र तरलतातर्फ गइरहेको अवस्थामा स्थिरता दिनुपर्ने जरुरी न्यायालयको काधमा जिम्मेवारी पनि भएको उल्लेख गर्दै उहाँले थप्नुभयो, "देशलाई अस्थिर, जटिल न्यायालयको जनआस्था र विश्वासिलो बनाउन जरुरी भएको छ ।"

**न्यायालयप्रतिको मिथ्या सूचना, धम्की र चरित्र हत्या रोक्न बारको भूमिका**

नेपाल बार एसोसिएसनको यही पुस १६ गते बसेको पूर्व पदाधिकारीसहितको केन्द्रीय कार्यसमिति बैठकले जारी गरेको १४ बुँदे सुझावमा प्रविधिको दुरुपयोग गरी भ्रामक र मिथ्या सूचनाहरु एवम् घृणाभावले भरिएका अभिव्यक्तिहरु, धम्की, चरित्र हत्या र दुष्प्रचार प्रकाशन तथा प्रशारण रोक्न आग्रह गरिएको छ ।

बारका महासचिव केदारप्रसाद कोइरालाका अनुसार केही समयदेखि अदालत, न्यायाधीश र कानुन व्यवसायीहरुप्रति लक्षित सामाजिक सञ्जालका पेजहरु र विभिन्न प्रकारका सञ्चारमाध्यममार्फत सूचना प्रविधिको दुरुपयोग गरी भ्रामक, मिथ्या सूचनाहरु एवम् घृणाले भरिएका अभिव्यक्तिहरु, धम्की, चरित्र हत्या र दुष्प्रचार प्रकाशन तथा प्रशारणको कार्य भईरहेकोप्रति बारले गम्भीरतापूर्वक लिएर आपत्ति जनाएको छ । बारले अदालतप्रति तथ्यहिन अनावश्यक टिप्पणी र अतिरञ्जन पूर्ण अभिव्यक्तिहरु एवम् प्रमाणविहीन आरोपलाई स्वयम् सूचना लिई शिघ्र कानुनको शासनको प्रत्याभूति दिलाउन सम्बन्धित सम्पूर्ण निकाय समक्ष समेत गरेको छ ।

**न्यायाधीशमाथि डर, त्रास र धम्कीबारे साइबर ब्यूरोको अध्ययन**

नेपाल प्रहरीको साइबर ब्यूरोका प्रवक्ता एवं प्रहरी उपरीक्षक दीपकराज अवस्थीले सामाजिक सञ्जालबाट न्यायालयमा न्याय सम्पादन गर्ने न्यायाधीशहरुमाथि गरेको अनर्गल प्रचार, डर, धम्की दिने व्यक्तिहरुका बारेमा अध्ययन गरिरहेको बताउनुभयो । "प्रधानन्यायाधीश स्वयंले आफूहरुलाई धम्की, डर र त्रास देखाएर काममा गर्न कठिन भएको विषय राख्नुभएको छ, त्यो अत्यन्तै गम्भीर विषय हो, हामीले गम्भीरतापूर्वक लिएका छौं," प्रवक्ता अवस्थीले भन्नुभयो, "सर्वोच्च अदालतबाट कहाँ-कहाँबाट यस्ता विषयहरु आएका छन् भनेर पत्र नै आएको छ, त्यसका आधारमा अध्ययन गरिरहेका छौं ।"

सामाजिक सञ्जालमार्फत हुने यस्ता क्रियाकलापलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गत कारबाही गरिन्छ । ऐनको दफा ४७ मा 'विद्युतीय स्वरूपमा गैरकानुनी कुरा प्रकाशन गर्ने' भन्ने व्यवस्था छ । इन्टरनेटका माध्यमबाट सार्वजनिक नैतिकता, शिष्टताविरुद्ध कसैप्रति घृणा वा द्वेष फैलाउनेलाई कानुनी कारबाही गरिन्छ । त्यस्ता व्यक्तिलाई रु एक लाखसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ ।

**न्यायाधीश समाजको ऐक्यबद्धता**

न्यायाधीश समाज नेपालले न्यायपालिकाप्रतिको तथ्यहीन, हल्का र प्रतिशोधपूर्ण आलोचनामा नगर्न आह्वान गरेको छ । समाजले न्यायका सरोकारवाला निकायसँग संवाद गरी न्याय प्रणालीको प्रभावकारिता थप वृद्धिका लागि उपायहरुको खोज गर्न न्यायपालिकीय व्यवस्थापनसँग आह्वान गरेको छ ।रासस

## राष्ट्रिय प्रकतिक स्रोत तथा वित्तीय आयोग वार्षिक प्रतिवेदन हस्तान्तरण

मोरङ । कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङसमक्ष राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले शुक्रबार आफ्नो सातौँ वार्षिक प्रतिवेदन बुझाएको छ ।

प्रदेश प्रमुख खापुङलाई प्रदेश प्रमुखको कार्यालय विराटनगरमा नेपाल संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आयोगका सदस्य विपीनराज निरौलाले आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन बुझाउनुभएको छ ।प्रदेश प्रमुख खापुङले प्रतिवेदन ग्रहण गर्दै आयोगले प्रतिवेदनमा व्यक्त गरिएका सुझावहरूलाई सरोकारवालाहरूले कार्यान्वयन गरेमा मुलुकमा आर्थिक अनुशासन कायम हुने बताउनुभयो ।

उहाँले आयोगले उल्लेख गरेको प्राकृतिक स्रोत साधनको वितरणमा समानीकरण अनुदानलगायत अन्य विविध शीर्षकका अनुदान कानुनबमोजिम सदुपयोग भएमा नागरिकले सहज सेवा प्राप्त गर्नुका साथै मुलुकमा समृद्धि कायम हुन छ । रासस

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको जिल्ला रौतहट गौर न.पा. वडा नं. ५ स्थित घरको अगाडि Parking गरिराखेको अवस्थाबाट मिति २०८२/०९/२० गते करिब साँझ ०७:०० बजे म.प्र. ०३-०३४ प ३८६९ नम्बर, ईन्जिन नं. DEUFR2X00349 चेचिस नम्बर M068UKEUUR2F00748 को टिभिएस कम्पनीको Apache 160 2v रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ । साथै जानकारी गराउनु हुने महानुभावको लागि उचित पुरस्कारको व्यवस्था उपलब्ध गराईनेछ ।

**नामः निकेश केशरी**
**ठेगानाः गौर न.पा.-५, रौतहट**
**मो. नं. ९८६४०४५४४४**

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज तपाईको प्रयासले लक्ष्यमा पुग्न सजिलो हुनेछ । |
| वृष : | धेरै समयपछि आम्दानीका राम्रो संकेत छन् । |
| मिथुन : | प्रेमसम्बन्धमा सुधार हुन्छ । |
| कर्कट : | खान-पिन र यात्रामा विशेष ध्यान दिनुहोला । |
| सिंह : | आज धनार्जनका स्रोतहरु पत्ता लाग्ने छन् । काममा उर्जा आउँछ । |
| कन्या : | पढाइ र सृजनात्मक कार्यमा सफलता पाउने दिन हो । |
| तुला : | आज लाभदायक यात्रा रहला, व्यापार र रोजगारीमा उन्नति हुनेछ । |
| वृश्चिक : | आज गरेको कार्यमा सफलता मिल्नेछ पुराना कामहरु सकिनेछन् । |
| धनु : | आज व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । |
| मकर : | आज नसोचेको ठाउँबाट धनागम हुनेछ। |
| कुम्भः | आज विद्या र बुद्धिको विकास हुनेछ । सामाजिक तथा धार्मिक कार्य रुचि बढ्नेछ। |
| मीन : | प्रेम र सामाजिक सम्बन्धमा सुधार हुनेछ । आज लाभदायक यात्रा रहला। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| | | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधाममा अत्यधिक चिसो बढेपछि शहरमा घिउवरको कारोवार पनि बढेको छ। तस्बिर : टुडे

# कक्षा ११ र १२ को ललितकला पाठ्यक्रमबारे छलफल

काठमाण्डु । चालु शैक्षिकसत्रदेखि कक्षा ११ र १२ मा पठनपाठन भइरहेको ललितकला पाठ्यक्रमको प्रभावकारिता, महत्व र आवश्यकताबारे आवश्यक छलफल भएको छ ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको सहकार्य तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरको आयोजनामा आज 'ललितकला पाठ्यक्रम'बारे अन्तरक्रिया भएको हो ।

कार्यक्रममाको उद्घाटन प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली र पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक युवराज पौडेलले संयुक्त रूपमा गर्नुभयो । चालु शैक्षिकसत्रदेखि कक्षा ११ र १२ मा चित्रकला, व्यावहारिक कला, मूर्तिकला तथा कला इतिहास विषय परिमार्जित पाठ्यक्रमअनुसार पठनपाठन भइरहेको सन्दर्भमा ती पाठ्यक्रमबारे सरोकार भएका विद्यालयका अध्यापकबीच अन्तरक्रिया गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा ललितकला पाठ्यक्रममा देखिएका समस्या र थप गर्नुपर्ने विषयमा छलफल भएको थियो । प्रतिष्ठानका कुलपति हार्तम्छालीले शिक्षामा कला र संस्कृतिलाई सँगसँगै लैजानुपर्ने बताउँदै 'कल्चरल भ्यालु'को सीमा पनि जोडिनुपर्ने धारणा राख्नुभयो ।



उहाँले ललितकलाको विकासका लागि स्थानीयस्तरका भाषा, इतिहास, कलालाई समेट्नुपर्नेमा जोड दिनुभयो ।

प्रतिष्ठानका उपकुलपति लालकाजी लामाले ललितकलाको उन्नयनका लागि देशभर स्थापित ललितकलाका शिक्षा अध्ययन गराउने संस्थाबीच छलफल गर्न र पठनपाठन कसरी भइराखेको छ भन्नेबारे जानकारी लिन यस कार्यक्रमले थप सहयोग गर्ने बताउनुभयो ।

प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले 'थुम्केली'ले कक्षा ११ र १२ मा ललितकला विषय कसरी सहज ढङ्गबाट अध्ययन गराउने र देशैभरि ललितकला शिक्षाको महत्वका विषयमा जागरूक गराउन यस कार्यक्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो।पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक युवराज पौडेलले देशलाई चिनाउन ललितकला महत्त्वपूर्ण रहेको बताउनुभयो । उहाँले ललितकला क्षेत्रमा नेपाल सरकारले गनुपर्ने कार्यमा यस कार्यक्रमले मार्गदर्शन गर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा पाठ्यक्रम विकास केन्द्रका सहसचिव दीनानाथ गौतम, काठमाडौँ विश्वविद्यालय आर्ट एण्ड डिजाइन स्कुल अफ आर्टस्का एसोसिएट प्रोफेसर सुजन चित्रकार, सृजना स्कुल अफ फाइन आर्टस्का प्रिन्सिपल डा बालकृष्ण रञ्जित, सहायक प्रिन्सिपल नवीन्द्रमान राजभण्डारी, राधेश्याम मुल्मीको सहभागिता थियो ।

स ा थ ै विदुरराज गिरी, शारदामान श्रेष्ठ, काठमाडौँ विश्वविद्यालय स्कुल अफ आर्टस्का पेन्टिङ-एक्टिङ हेड सागर मानन्धर, पाठ्यक्रम विकास केन्द्रका पाठ्यक्रम अधिकृत कमल मिश्र, सहिद शुक्र माविबाट केशवराज खनाल, कालिका मानविज्ञान मावि बुटवलबाट सुमित्रा राना, पञ्चायत माध्यमिक विद्यालयबाट सञ्जु थापामगर, वागीश्वरी मावि, भक्तपुरबाट सम्बिका बासुकलासँगै विजेश्वरी मावि काठमाडौँ, नोबेल एकेडेमी नयाँबानेश्वर, पिनाकल एकेडेमी ललितपुरलगायत प्रनिनिधिको सहभागिता थियो ।रासस

# देश बनाउन श्रमदान आवश्यक पर्छः अध्यक्ष राई

धरान । श्रम संस्कृति पार्टीका अध्यक्ष एवं धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राई (साम्पाङ)ले नीति निर्माणका साथै देश समृद्ध बनाउन श्रमदान अनिवार्य रहेको बताउनुभएको छ ।

शुक्रबार इटहरी उपमहानगरपालिका-५ मा आयोजित पार्टीको सङ्गठन विस्तार कार्यक्रममा अध्यक्ष राई लोकतन्त्र, राष्ट्र र राष्ट्रिय स्वाधीनताको रक्षा गर्न सबै नागरिक सचेत र एकजुट हुनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "श्रम, माटो र जनताको प्रत्यक्ष सहभागिताबाट मात्रै देशको निरन्तरता विकास र समृद्धि सम्भव हुन्छ ।"

अध्यक्ष राई देशको समृद्धि हामीबीचको एकता र सहकार्यबाट हासिल हुने धारणा राख्नुभयो । "जलेर खरानी भएको हाम्रो देश सबै मिलेर पुनःस्थापना गर्नुपर्छ । भावनामा बहकिएर होइन, देश र जनताको हितमा काम गर्ने, देश बनाउने



र बचाउनेलाई आगामी निर्वाचनमा भोट दिनुहोस् ।"

आगामी फागुनमा हुने निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्न/गराउन सरोकार भएका निकायले विशेष योजनासहित आवश्यक समन्वय गर्नुपर्नेमा अध्यक्ष राईले जोड दिनुभयो । निर्वाचन नहुँदा देशको लोकतन्त्र अपहरणमा पर्ने खतरा रहेको उल्लेख गर्दै उहाँले लोकतान्त्रिक व्यवस्थाको मूल आधार आवधिक निर्वाचन भएकाले सबैले स्वस्थ सहभागिता जनाउनुपर्ने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, "भ्रष्टाचार, परम्परागत राजनीति र विदेशी प्रभावप्रति सचेत रहन आग्रह गर्दै देश विकासका लागि कलमले मात्र पनि हुँदैन, गैँटी र बेल्चा चलाउन पनि आवश्यक छ । म व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सामूहिक हितका लागि काम गर्छु ।"रासस

# 'बालेन र रविको सहयात्रा अदृश्य शक्तिले जोडेको होइन'

काठमाण्डु । पछिल्लो समय नेपाली राजनीतिमा चर्चाको विषय बन्यो काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेबीचको सहयात्रा ।

विभिन्न अड्कल, टिप्पणी र 'अदृश्य शक्ति'को आरोपबीच, यो सहकार्य कसरी सम्भव भयो भन्ने विषयमा राससले यस सहयात्राको संवादको भूमिकामा रहनुभएका प्रतिनिधिसभाका पूर्व सांसद एवं रास्वपाका नेता असिम साहसँग संवाद गरेको छ। फरक पृष्ठभूमि, फरक स्वभाव र फरक राजनीतिक यात्राका दुई पात्र बालेन्द्र शाह र रवि लामिछानेको एकै राजनीतिक सहयात्रा सुरु भइसकेको छ। सोही सहयात्राको पहलका लागि अवरोध आए। अन्तत सभापति रिहा हुनुभयो। पुस ७ गते भेट सम्भव भयो। कति समय मिडियाबाट जोगिँदै, स्थान परिवर्तन गर्दै राति गरिएको भेटले नयाँ राजनीतिक समीकरणको आधार तयार ग-यो।" यस सहयात्रा चुनावी रणनीति मात्र हो कि दीर्घकालीन राजनीतिक परिवर्तनको सङ्केत हो भन्ने प्रश्नमा नेता शाहले भन्नुभयो, "सात/आठ घण्टासम्मको गहिरो संवाद, आपसी समझदारी र देश विकासको समान लक्ष्यले यो सहयात्रालाई दीर्घकालीन बनाएको छ।"

शाह मन र दिमाग दुवै मिलेर भएको एकता भएको बताउनुहुन्छ। यो सहयात्रा लामो समयसम्म जाने विश्वास उहाँको छ। वैकल्पिक शक्ति छरिएर हैन एकजुट हुनुपर्ने आवश्यकता बोध भएपछि दाजु आसिफ र आफूले पहल थालेको



'पोस्टम्यान'को भूमिका आफूले खेलेको पूर्व सांसद साहले बताउनुभयो।

संवादका क्रममा उहाँले दुवै पक्षको मनस्थिति बुझ्ने, सन्देश आदानप्रदान गर्ने र भेटवार्ताको वातावरण बनाउन आफू र अर्का सहकर्मी, आफनै दाजु आसिफ साहले गरेको पहल स्मरण गर्नुभयो। औपचारिक वार्ताले मात्र नभइ विश्वासले एकता सम्भव भएको उहाँको तर्क छ। उहाँकाअनुसार राजनीतिक गणितले नभएर व्यक्तिगत विश्वास र सम्बन्धले सहमति सम्भव भएको हो।

"अदृश्य शक्ति होइन, दृश्य शक्ति नै हामी दुई जना हौँ", उहाँले भन्नुभयो, "सहयात्रा सहज थिएन। रवि लामिछानेको जेल बसाइ, अदालती प्रक्रिया, प्रमुख बालेनको पारिवारिक शोक, धेरै उहाँको भनाइ थियो। रास्वपाले जेनजी आन्दोलनपछि बदलिएको राजनीतिक परिस्थितिमा वैकल्पिक शक्ति एक ठाउँमा उभिने क्रमलाई जारी राखेको बताउनुभयो।

"छरिएर रहेका वैकल्पिक शक्ति एउटै प्लेटफर्म, एउटै भाँडो आवश्यक थियो। आजको मितिमा त्यो प्लेटफर्म रास्वपा नै हो," उहाँले भन्नुभयो। निर्वाचनअघि नै कतिपयले रास्वपा प्रधानमन्त्री र सरकार बनाउन हतार गरेको भन्ने प्रतिक्रियामा आफूहरु स्पष्ट रहेको उहाँले बताउनुभयो।

उहाँकाअनुसार सहयात्राको मुख्य राजनीतिक सन्देश नै दुई तिहाइको सरकार र बालेन शाह प्रधानमन्त्री हो। अहिले रास्वपाले संसदीय दलको नेताका रूपमा बालेनलाई अघि सारिसकेको छ। रासस

# पछिल्लो पाँच महिनामा थपियो पाँच खर्ब २३ अर्बबराबरको विदेशी मुद्रा

काठमाण्डु। पछिल्लो पाँच महिनामा विदेशी मुद्राको सञ्चिति उल्लेख्य रूपमा बढेको देखिएको छ। नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को मङ्सिर मसान्तसम्मको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गत साउनदेखि मङ्सिर मसान्तसम्ममा रु पाँच खर्ब २३ अर्ब ७९ करोड बराबरको विदेशी मुद्रा सञ्चित भएको हो।

राष्ट्र बैंकका अनुसार २०८२ असार मसान्तमा रु २६ खर्ब ७७ अर्ब ६८ करोडबराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १९ दशमलव ६ प्रतिशतले वृद्धि भई गत मङ्सिर मसान्तमा रु ३२ खर्ब एक अर्ब ४७ करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति गत असार मसान्तमा १९ अर्ब ५० करोड रहेकामा गत मङ्सिर मसान्तमा १३ दशमलव पाँच प्रतिशतले वृद्धि भई रु २२ अर्ब १३ करोड पुगेको राष्ट्र बैंकले जनाएको छ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति गत असार मसान्तमा रु २४ खर्ब १४ अर्ब ६४ करोड रहेकामा गत मङ्सिर मसान्तसम्ममा १८ दशमलव सात प्रतिशतले वृद्धि भई रु २८ खर्ब ६६ अर्ब ४७ करोड पुगेको छ। त्यस्तै, बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक)सँग रहेको विदेशी विनिमय सञ्चिति २७ दशमलव चार प्रतिशतले वद्धि भई रु तीन खर्ब ३५ अर्ब कायम भएको छ।केन्द्रीय बैंकका अनुसार गत मङ्सिर मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव दुई प्रतिशत रहेको छ।

चालु आर्थिक वर्षको सुरुआती पाँच महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले २१ दशमलव सात महिनाको वस्तु आयात र १८ दशमलव दुई महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ।त्यसैगरी, यो अवधिमा चालु खाता रु तीन खर्ब ५८ अर्ब ८३ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु एक खर्ब ५८ अर्ब ४५ करोडले बचतमा रहेको थियो। पाँच महिनामा खुद पुँजीगत ट्रान्सफर रु सात अर्ब छ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर रु तीन अर्ब ५० करोड रहेको थियो।

त्यसैगरी, मङ्सिर मसान्तसम्ममा रु सात अर्ब ४७ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटीमात्र) भित्रिएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी रु छ अर्ब तीन करोड रहेको थियो।राष्ट्र बैंकका अनुसार शोधनान्तर स्थिति रु चार खर्ब २१ अर्ब ८९ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु दुई खर्ब २५ अर्ब ३४ करोडले बचतमा रहेको थियो।




**खाद्य तथा पेय पदार्थको मूल्यवृद्धि ऋणात्मक**

खाद्य तथा पेय पदार्थको मूल्यवृद्धि ऋणात्मक देखिएको छ। नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को मङ्सिर मसान्तसम्मको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार मङ्सिरमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति एक दशमलव ६३ प्रतिशत रहेको छ।

अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति छ दशमलव ०५ प्रतिशत रहेको थियो । गत मङ्सिर महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति दुई दशमलव ०५ प्रतिशतले ऋणात्मक रहेको छभने गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ७५ प्रतिशत रहेको छ।

पछिल्लो पाँच महिनाको औसत मुदास्फीति एक दशमलव ५५ प्रतिशत रहेको पनि केन्द्रीय बैंकले जनाएको छ । अघिल्लो वर्षको सोही अवधिको औसत मुद्रास्फीति चार दशमलव ८९ प्रतिशत रहेको थियो ।मङ्सिरमा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क पाँच दशमलव ५२, गैरमदिराजन्य पेय पदार्थको तीन दशमल्व ५६ र दुग्ध पदार्थ तथा अण्डाको दुई दशमलव ४४ प्रतिशतले बढेको छ।

> अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति छ दशमलव ०५ प्रतिशत रहेको थियो । गत मङ्सिर महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति दुई दशमलव ०५ प्रतिशतले ऋणात्मक रहेको छभने गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ७५ प्रतिशत रहेको छ । पछिल्लो पाँच महिनाको औसत मुदास्फीति एक दशमलव ५५ प्रतिशत रहेको पनि केन्द्रीय बैंकले जनाएको छ ।

तरकारी उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क आठ दशमलव ५४, मरमसलाको आठ दशमलव ४३ र दाल तथा गेडागुडीको पाँच दशमलव ७९ प्रतिशतले घटेको छ । गैरखाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १८ दशमलव ५६, शिक्षाको सात दशमलव ५६, कपडाजन्य तथा जुत्ताचप्पलको पाँच दशमलव २९, सुर्तीजन्य पदार्थको चार दशमलव १५ र मदिराजन्य पेय पदार्थको तीन दशमलव ८५ प्रतिशतले बढेको छ। बीमा तथा वित्तीय सेवा उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क शून्य दशमलव २३ प्रतिशतले घटेको छ।मंसिर महिनामा ग्रामीण क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क एक दशमलव ०९ प्रतिशतले र सहरी क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क एक दशमलव ८३ प्रतिशतले बढेको छ।

प्रदेशगत रूपमा हेर्दा कोशी प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति दुई दशमलव ५४, मधेस प्रदेशको दुई दशमलव ०१, बागमती प्रदेशको एक दशमलव ४८, गण्डकी प्रदेशको एक दशमलव ०८, लुम्बिनी प्रदेशको एक दशमलव ६७, कर्णाली प्रदेशको एक दशमलव ०९ र सुदूरपश्चिम प्रदेशको शून्य दशमलव ४० प्रतिशत रहेको छ।त्यस्तै, काठमाडौँ उपत्यकाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति एक दशमलव ९५ प्रतिशत र तराईको एक दशमलव ७१ प्रतिशत रहेको छ।

**देशको आर्थिक स्थिति : चालु खाता र शोधनान्तर बचतमा, विप्रेषण र मुद्रा सञ्चिति बढ्यो**

नेपाल राष्ट्र बैंकले देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन सार्वजनिक गरेको छ।

केन्द्रीय बैंकका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को मङ्सिर मसान्तसम्ममा चालु खाता र शोधनान्तर बचतमा देखिएको छ भने विप्रेषण र मुद्रा सञ्चिति पनि उल्लेख्य रुपमा बढेको छ। अर्थतन्त्रका बाह्य सूचक सुविधाजनक अवस्थामा रहँदा राजस्व सङ्कलन, बजेट खर्च तथा कर्जा विस्तार भने कमजोर देखिएको छ।

प्रतिवेदनअनुसार वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति एक दशमलव ६३ प्रतिशत रहेको छ। त्यस्तै यो अवधिसम्ममा कूल विदेशी विनिमय सञ्चिति रु ३२ खर्ब एक अर्ब ४७ करोड रहेको छ । अमेरिकी डलरमा उक्त सञ्चिति २२ अर्ब १३ करोड पुगेको छ। यस्तो सञ्चितिले १८ दशमलव २ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ।

समीक्षा अवधिमा चालु खाता रु तीन खर्ब ५८ अर्ब ८३ करोड र शोधनान्तर स्थिति रु चार खर्ब २१ अर्ब ८९ करोड बचतमा रहेको छ।पछिल्लो पाँच महिनामा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ३५ दशमलव छ प्रतिशतले र अमेरिकी डलरमा २९ प्रतिशतले बढेको छ। चालु आर्थिक वर्षको मङ्सिर महिनासम्मको कूल विप्रेषण आप्रवाह रू आठ खर्ब ७० अर्ब ३१ करोड पुगेको छ भने मङ्सिर महिनामा मात्र रु एक खर्ब ८३ अर्ब १८ करोड विप्रेषण भित्रिएको छ।

केन्द्रीय बैंकका अनुसार पछिल्लो पाँच महिनामा निर्यात ५८ दशमलव दुई प्रतिशतले र आयात १५ दशमलव ८ प्रतिशतले बढेको छ ।यो अवधिमा नेपाल सरकारको खर्च रु पाँच खर्ब ६४ अर्ब ४६ करोड र राजस्व परिचालन रु चार खर्ब छ अर्ब ३० करोड रहेको छ। विस्तृत मुद्राप्रदाय तीन दशमलव सात प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १२ दशमलव ९ प्रतिशतले बढेको हो ।

प्रतिवेदनअनुसार बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन तीन दशमलव नौ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जा एक दशमलव नौ प्रतिशतले बढेको छ। वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर १३ दशमलव ९ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर छ दशमलव छ प्रतिशत रहेको छ।

त्यसैगरी, बैंक तथा वित्तीय संस्थाबीचको भारित औसत अन्तर बैंक दर दुई दशमलव ७४ प्रतिशत र ९१ दिन अवधि भएको ट्रेजरी बिलको भारित औसत ब्याजदर दुई दशमलव ३७ प्रतिशत रहेको छ ।वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर तीन दशमलव ६६ प्रतिशत र कर्जाको भारित औसत व्याजदर सात दशमलव २६ प्रतिशत रहेको छ ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। मकर संक्रांति ।।


मकर संक्रांति आबै ह
खुशी संग लाबै ह,
सूरज उत्तर गेल,
ठंनधी दूर नैगेल।
तिल गुड़ खाय छी हम,
घर मे हर्ष छायल,
मिलि-जुलि सब हँसि छी,
मन खुश हो गेल।
नदी घाट स्नान करि,
भगवान के याद कके,
नेकी के राह पकडÞ,
मन पावन बनायल।
पतंग उड़ैत आकाश मे,
रंग-बिरंग देखायल,
मकर संक्रांति के दिन,
सबके मन भायल।



**लेखक-राजु ठाकुर हजाम**
**ठेगाना- क्षि.न. पा -७(नयाँबजार)**

## ।। टुक्रेको माया ।।

सपना बुनेको त्यो माया
आज कागजझैँ च्यातियो,
विश्वासको डोरी समाउँदै थिएँ
एकै झट्कामा हातबाट फुस्कियो।
हासोभित्र लुकाएको
अश्रुको भारी बोकेर हिँडेँ,
तिमी सँग बिताएका पलहरू
सम्झनामा कैदी बनेर बसे।
वाचा गरिएका शब्दहरू
हावामा हराए मौन बनेर,
टुक्रिएको मायाको आवाज
सुन्ने कोही भएन रोएर।
तैपनि मनले हार मानेन,
पीडामै शक्ति खोज्दैछु म,
टुक्रेको माया भए पनि
आफ्नै अस्तित्व जोड्दैछु म।



**लेखक : शम्भु साह (कानुनको विद्यार्थी)**
**ठेगाना : मिर्चैया न.पा.११**
**फोन नं : ९८०५९०५०९१**

## ।। तिमी भएको ठाउँ ।।

तिमी भएको ठाउँ
मेरो लागि नक्सामा होइन,
धड्कनमा बस्छ।
तिम्रो नाम उच्चारण गर्दा
हावाले पनि बिस्तारै सास फेर्छ,
र समय एकछिन रोकिएजस्तो लाग्छ।
तिमी हाँस्दा
मेरो मनभित्रको थाकेको संसार
घर फर्किन्छ।
तिमी नबोल्दा पनि
तिम्रो मौनले
मलाई सबै कुरा बुझाइदिन्छ।
म तिमीलाई
हातले समाउन खोज्दिनँ,
किनकि तिमी
मेरो आत्माको बानी भइसकेका छौ।
यदि संसारले
हामीलाई छुट्ट्याउने कोशिश गर्‍यो भने पनि,
म तिमीभित्रै रहनेछु–
न नाम भएर,
न छायाँ भएर,
तर विश्वास भएर।



**लेखक : शिव भण्डारी**
**ठेगाना : सहोडवा - ५ पिपरा**

## ।। प्रेमक बंन्धन ।।

प्रेम के एगो अटुट बंन्धन छै
प्रेमक ढोर मे बाइध लिय न हमरा ।।
सात जनम तक साथ दिय के वादा कैने छियै
भगबान स माइग लिय न हमरा ।।
एहन क बाइध लिय अपन प्रेमक बंधन मे
कहियो टुटलो स नै टुइट सकै
तेहन धागा बाइध दिय न हमरा ।।
राधा कृष्ण जेहन अधुरे रहत हमर प्रेम
माइ बाउ स कैह क हाथ माइग लिय न हमर ।।
जिन्दगी भर साथ रह के कोनो धागा बाइध दिय न हमरा।।
गरिब घर स छियै झोपरी मे साथ ददिय न हमरा ।।
माइ बाउ स कहि क हाथ मे अप्पन हाथ ददिय न हमरा ।।
भगबान स माइग लिय न हमरा ।।
प्रेमक बंधन मे बाइध लिय न हमरा ।।



**लेखक संजय मुखिया**
**बरमझिया -१० धनुषा**
**रा.रा.ब (बि.एड सेकेन्ड येयर)**

## ।। राष्ट्रिय निर्माणमा युवाको भुमिका ।।

नेपाल हाम्रो राष्ट्र नेपाली हाम्रो पहिचान ।
देशलाई जोगाउन युवाले गर्दै सिर्जनात्मक काम ।।
अलमस्त युवा हामी अब उठ्नुपर्छ सबै एक जुट भई ।
देश निर्माणका लागि पुरुषार्थ गर्नुपर्छ एक दिक्का रही ।।
प्रकृति झैं परिवर्तनका संवाहक युवा हामी ।
बनौं कर्मठ , क्रान्तिकारी , इमानदार र ज्ञानी ।।
युवाहरू नजागे मातृभूमि सङ्कटमा पर्दै छ ।
नेताहरू मिलीजुली देश बेच्ने विचार गर्दै छ ।।
समाजका युवाहरू रक्सी चुरोटमा हराए ।
आमाबाबा नखाऊ बाबु भन्दै दिनरात कराए ।।
आजका युवा तिमी भोलि देशको कर्णधार बन्नेछौं ।
उल्लेखनीय काम गरी जन-जनको दिलमा बस्नेछौं ।।
विदेश पलायन भए युवाहरू कति कति ।
युवा नै हुन राष्ट्रियका अमूल्य सम्पत्ति ।।
युवा मलहमपट्टि गर देशको घाउ निको पार्न ।
बुढापाका घरमा बसे अगाडि बद देशलाई सपार्न ।।
अब जागौं युवा शक्ति देशको निर्माणमा ।
देश डुब्न लाग्यो अगाडि बद अभियानमा ।।
युवा देशका लागि विद्रोही बनी अगाडि सर्छन् ।
तर हन्टर खाई धुरु - धुरु रोई खाडीमा पर्छन् ।।
युवा भविष्यको खोजी खाडीमा न गर ।
आफ्नै देशमा पुरुषार्थ गरी देश कल्याणको काम गर ।।
जुटौं सबै युवा हामी काँधमा काँध मिलाएर ।
देश विकास गर्न वीर बनी भरोसा दिलाएर ।।



**लेखक : राजन दास**
**ठेगाना : शहिदनगर नगरपालिका - ०८ बिसरभोरा ( धनुषा )**

## ।। प्रेमसम्म मात्र साथ दिएको भाग्य ।।

प्रेमको अर्थ नै नबुझेको उमेरमा
म तिमीलाई मन पराउन थालेको थियौँ ।
तीन वर्ष तिमी सँगै बिताउँदा
मलाई प्रेम के हो भनेर सिकायौ,
तर त्यसै प्रेमले
अन्ततः मलाई एक्लो बनायो।
चार वर्ष पुग्दा
हामीले जुनी-जुनी सँगै बाँच्ने
सपनाहरू सजाएका थियौँ।
मलाई लाग्थ्यो,
मेरो भाग्य बलियो छ
त्यसैले तिमी मेरो जीवन बन्यौ।
तर
त्यो भाग्य
प्रेमसम्म मात्रै आइपुग्ने रहेछ,
विवाहको ढोकामा पुगेर
थाकेर फर्किने।
विवाहको बेला
मेरो गरिबी
मेरो चरित्रभन्दा ठूलो बनाइयो,
सरकारी जागिर नहुनु
मेरो प्रेमभन्दा भारी ठहरियो।
तिम्रा बुबाले
हाम्रो प्रेमलाई
स्वीकार गरे,
तर
मलाई योग्य ठानेनन्।
आज मसँग
प्रेमको परिभाषा छ,
तर प्रेम छैन।
सपना छन्,
तर साथ छैन।
यादहरू छन्,
तर तिमी छैनौ।
सायद
केही प्रेमहरू
पूरा हुनकै लागि होइनन्,
टुटेर
जिउँदो मान्छेलाई
भित्रैबाट मार्नका लागि मात्रै
हुन्छन्।



**कवि:- सोनु भण्डारी**
**ठेगाना:- पिपारा-५ सहोडवा (मधेशी)**

# के प्रेममा छन् 'कुमारी'का अबिषेक र आकृति ?



काठमाण्डु । विश्वमै एउटा भनाइ प्रख्यात छ, 'फिल्मको सेट केवल अभिनयको होइन, प्रेम अंकुराउने थलो समेत हो ।' यो भनाइ पटक पटक चरितार्थ हुँदै आएको छ । छायांकनको क्रममा कलाकारदेखि निर्माता-निर्देशकसम्म प्रेममा डुबिसकेका हुन्छन् । नेपाली फिल्म क्षेत्रमा यस्ता उदाहरण धेरै छन् । यसैले अचेल कलाकारहरूको अभिनयभन्दा प्रेमको चर्चा बढी हुने गर्छ ।

यतिबेला दुई नयाँ अनुहारको प्रेम सम्बन्धबारे फिल्म क्षेत्रमा गाइँगुइँ चर्चा चल्न थालेको छ । ती हुन्, अबिषेक खड्का र आकृति राजभण्डारी । आगामी माघ २३ गतेबाट प्रदर्शन हुन लागेको लभस्टोरी फिल्म 'कुमारी'मा उनीहरूले मुख्य भूमिकामा अभिनय गरेका छन् । फिल्मका दुईवटा कार्यक्रममा उनीहरूबीच देखिएको आत्मीयताले पनि बजारको चर्चालाई मलजल गरेको छ ।

बिहीबार साँझ काठमाडौंमा फिल्मको देशव्यापी कन्सर्टबारे जानकारी दिन आयोजित कार्यक्रममा अबिषेक र आकृति एकसाथ पुगेपछि पत्रकारले दुवैलाई प्रश्न गरे- 'के प्रेममा हुनुहुन्छ ?' प्रश्न सुनेपछि उनीहरूको हाँसो रोकिएन । तर, अबिषेकले तत्कालै जवाफ दिन पनि सकेनन् । एकछिन सोचेपछि उनले आफूहरू राम्रो साथी मात्र रहेको प्रतिक्रिया दिए ।

उनले भने, 'हामी राम्रो साथी हौं । एकदमै मिल्छौं । र, एकअर्कासँग नजिक पनि छौं । फिल्मले गर्दा पनि हामीलाई नजिक बनायो ।' यति भन्दै गर्दा उनले छेवैमा उभिएकी आकृतिलाई सोधे, 'त्यस्तो त भएको छैन होला ?' । आकृतिले हाँस्दै मुन्टो हल्लाएर 'छैन' भनिन् । उनले आफूहरू एकदमै राम्रो साथी रहेको बताउँदै अबिषेकसँग काम गर्दा धेरै कुरा सिक्न पाएको बताइन् ।

'कुमारी'मा प्रेम जोडीको रूपमा प्रस्तुत भएका अबिषेक र आकृति 'डोको बुन्ने' गीत लोकप्रिय बनेपछि चर्चाको केन्द्रमा छन् । उनीहरूको केमेस्ट्रीलाई दर्शकले रुचाएका छन् । 'कुमारी' आकृतिको पहिलो फिल्म हो भने अबिषेकले यसअघिफिल्म 'बेहुली फ्रम मेघौली'मा अभिनय गरेका थिए।दुवै 'कुमारी'लाई लिएर उत्साहित देखिन्छन् । फिल्मीखबर

# दर्शकले संवाद नबुझेपछि 'एक्लो'मा राखियो नेपाली सबटाइटल



काठमाण्डु । नेपालको पहिलो साइन्स-फिक्सन फिल्म 'एक्लो'ले घरेलु बक्स अफिसमा अपेक्षित व्यापार गर्न सकेको छैन । फिल्मलाई दर्शकीय प्रतिक्रिया पनि मिश्रित प्राप्त छ । पहिलो साताको व्यापार अपेक्षा अनुरुप नभएपछि दोस्रो सातामा फिल्मका धेरै शो गुमिसकेका छन् । यद्यपि, निर्माण पक्ष 'वर्ड अफ माउथ'को प्रभावले व्यापार वृद्धि हुनेमा अझै आशावादी देखिन्छ ।

यो फिल्मले अपेक्षित रुपमा दर्शकको साथ नपाउनुलाई धेरैले यसमा प्रयोग अंग्रेजी संवाद मुख्य कारण मानेका छन् । फिल्ममा ७० प्रतिशतभन्दा बढी अंग्रेजी संवाद छ । यसले दर्शकलाई कथा बुझ्न समेत गाह्रो भएको गुनासो आएपछि निर्माण पक्षले दोस्रो सातामा फिल्ममा दुईवटा महत्त्वपूर्ण परिवर्तन गरेको छ । त्यो हो, नेपालीमा डबिङ र नेपाली सबटाइटल ।


निर्देशक प्रदीप शाहीका अनुसार दर्शकले अब फिल्म हेर्दा अंग्रेजी संवादलाई नेपाली सबटाइटलमार्फत पढ्न पाउनेछन् । रोबोट पात्रको संवादलाई पनि नेपालीमा डब गरिएको उनले बताए । बाहिरका दर्शकलाई कथा बुझाउने सोचले अंग्रेजी संवाद बढी प्रयोग गर्दा घरेलु दर्शक अलमलिएको महसुस भएपछि फिल्ममा रि-डबिङ र नेपाली सबटाइटल थपिएको उनको भनाइ छ ।

हल भ्रमणको क्रममा फिल्मप्रति युवा दर्शकको उत्साह देख्दा खुसी लागेको पनि उनले बताएका छन् । भन्छन्, 'युवाहरूले अन्तिम दृश्यमा हुटिङ गरेको र फिल्मपछि 'एक्लो-भर्स'बारे छलफल गरेको देख्दा खुसी लागेको छ । फिल्मले बिस्तारै आफ्नो घरेलु दर्शक भेट्टाउँदैछ ।' उनका अनुसार 'एक्लो-१'ले दोस्रो भाग 'एक्लो २ : द राइज अफ कल्की'का लागि मजबुत जग खडा गरेको छ ।

प्रदीप खड्का, विजय लामा, सुनील थापा, दीया पुन, बेनिशा हमाल लगायतका कलाकारहरूको अभिनय रहेको यो फिल्म यही सातादेखि यूके, कतार, बहराइन लगायतका देशहरूमा पनि प्रदर्शन हुँदैछ । एनआरएन समूहको लगानी र विनोद सुवेदी 'क्षितिज' कार्यकारी निर्माता रहेको यो फिल्मको दोस्रो भाग सन् २०२७ मा बन्ने जनाइएको छ । फिल्मीखबर

## ।। मिथिला बासी ।।

हम सब छी मिथिला बासी
मिथिला हमर गाम अछि
धोति कुरता गमछा पगरी सँ
हमर सबके पहचान अछि
मिठगर बोलि मैथिली भाषा
सबके मन मे सिता राम अछि
कोसि कमला और देखु
मिथिले मे बलान अछि
गाउँ गाउँ मे देखु भैया
घर घर मे दलान अछि
देश विदेश मे सिता मैयाके
चर्चा और बखा अछि
अलहा रुदल के नाच मे
देखु कते तान अछि
चिरै चुनमुन कुह कुहँ करै
मिथिलाके गुन गान अछि
घर घर मे मिथिला मे
सबके सब किसान अछि



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

# 'बिगुल'को 'वनको कोइली' गीतमा यशराज र ऋचाको छमछमी



काठमाण्डु । आगामी माघ ९ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'बिगुल'को नयाँ गीत 'वनकी कोइली वनमै रमायो' सार्वजनिक गरिएको छ । लोकलयमा आधारित यस गीतमा मनिष चौधरी र शान्तिश्री परियारको स्वर रहेको छ भने शब्द तथा संगीत मनोज चौलागाईंको हो । युवायुवतीबीचको प्रेम र आपसी आकर्षणलाई केन्द्रमा राखेर गीत तयार पारिएको छ ।

कमल राईको कोरियोग्राफी रहेको गीतको भिडियोमा अभिनेता यशराज गराज (सुरज) र अभिनेत्री ऋचा थापाले आकर्षक नृत्य प्रस्तुत गरेका छन् । फिल्ममा उनीहरूलाई यो गीतमा मात्र देख्न सकिनेछ । भिडियोमा फिल्मका कलाकारहरू रमेश बुढाथोकी, बेनिशा हमाल, विनोद न्यौपाने, गीता अधिकारी लगायत पनि प्रस्तुत छन् । देशको समसामयिक राजनीतिक र सामाजिक विषयमा केन्द्रित रहेर निर्माण भएको यस फिल्मलाई रमेश कोइरालाले निर्देशन गरेका हुन् ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य दिनेश कोइरालाको कथा तथा निर्माण रहेको फिल्ममा नरेन खड्का, नीर शाह, सरोज खनाल, हेमन्त बुढाथोकी, शिशिर वाङ्देल, मीरा पण्डित, जेएन घिमिरे लगायतका कलाकारहरूको पनि अभिनय छ । फिल्ममा प्रदीप भारद्वाज र मौनता श्रेष्ठको पटकथा तथा संवाद, शिव ढकालको छायांकन, एनबी महर्जनको द्वन्द्व निर्देशन, विश्वप्रकाश शर्मा, अर्जुन पोखरेल र मनोज चौलागाईंको संगीत तथा तारा थापा (किम्भे) को सम्पादन रहेको छ । विकृत राजनीतिले जनतामा छाएको निराशा र युवापुस्ताको आक्रोशलाई फिल्ममा मुख्य कथावस्तु बनाइएको छ । फिल्मीखबर

# निर्वाचनमा सामाजिक सञ्जालबाट प्रवाह हुनसक्ने नकारात्मक सन्देशलाई रोकिने

काठमाण्डु । निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा सामाजिक सञ्जालबाट प्रवाह हुनसक्ने नकारात्मक सन्देश र गतिविधिलाई नियन्त्रण गरिने जनाएको छ। आयोगले शुक्रबार पत्रकार सम्मेलन आयोजना गरी निर्वाचनमा सामाजिक सञ्जालबाट प्रवाह हुनसक्ने गलत, भ्रामक र नकारात्मक क्रियाकलापको निगरानी गर्ने जनएको हो ।

सामाजिक सञ्जालमार्फत प्रवाह हुनसक्ने मिथ्या सूचना, दुष्प्रचार, घृणाष्पद अभिव्यक्ति, अपव्याख्या, डिप फेक (गहिरो भ्रम) झुटो साइट वा एकाउन्ट, निन्दा वा मानहानीलगायत विषयमाथि अनुगमन गरी गैरकानुनी कार्यलाई कानुनबमोजिम दण्डित गरिने प्रवक्ता नारायणप्रसाद भट्टराईले बताउनुभयो । यसका लागि नियामक निकायसँग सहकार्य गर्ने नीति लिइएको उहाँले जानकारी दिनुभयो ।

यसै हप्ता सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालक मेटा तथा टिकटकका प्रतिनिधिसँग संवाद भएको आयोगले जनाएको छ । यसका लागि मेटा, टिकटक र एक्स (ट्वीटर) लाई पत्राचार गरिएको छ । आयोगमा सूचना सम्प्रेषण तथा समन्वय केन्द्रअन्तर्गत रहेर काम गर्नेगरी सूचना सदाचार प्रवर्द्धन एकाईले कार्य प्रारम्भ गरेको आयोगले जनाएको छ । सामाजिक सञ्जाल अनुगमन सफ्टवेयरलाई प्रयोगमा ल्याइएको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो ।

आयोगले फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई सफल बनाउन यो हप्ता प्रदेश सरकार र स्थानीय तहसँग समन्वय बैठक पनि सम्पन्न गरेको छ । यसैगरी आचारसंहिता अनुगमन समितिको बैठक यो हप्ता गरेर थप काम अघि बढाइएको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त बन्द सूची रुजु गरी सम्बन्धित दललाई पत्राचार गरिएको छ ।

मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरुका लागि पुस २८ र २९ गते काठमाडौँ, चितवन, विराटनगर र नेपालगञ्जमा अभिमुखीकरण तालिम सञ्चालन हुने भएको छ । तालिमका लागि मुख्य प्रशिक्षकहरु तयार गर्न प्रशिक्षक प्रशिक्षण सम्पन्न गरिएको आयोगले पत्रकार सम्मेलनमा जानकारी गराएको छ । आयोगले न्याय परिषद्‌को परामर्शमा ७७ जना जिल्ला न्यायधीशलाई मुख्य निर्वाचन अधिकृत पदमा नियुक्त गरेको छ । यसैगरी न्याय सेवा आयोगको परामर्शमा ८८ जना न्याय सेवाका राजपत्राङ्कीत द्वितीय श्रेणीका अधिकृतलाई आजदेखि लागू हुने गरी निर्वाचन अधिकृत पदमा नियुक्ति गरेको छ ।



मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतले पुस २८ र २९ गतेको अभिमुखीकरणमा भाग लिई माघ २ गतेदेखि आ-आफ्नो निर्वाचन क्षेत्रमा कार्यालय स्थापना गरी काम सुरु गर्ने कार्यक्रम रहेको छ । रासस

# चलचित्रकर्मीको हितलाई केन्द्रमा राखी काम गरिरहेका छौं: मन्त्री खरेल


काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सरकारले नेपाली चलचित्रकर्मीको हितलाई केन्द्रमा राखी काम गरिरहेको बताउनुभएको छ ।

शुक्रबार चाबहिलस्थित चलचित्र विकास बोर्डद्वारा आयोजित 'चलचित्र क्षेत्रको आगामी कार्यदिशा' विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले चलचित्रकर्मीले उठाएका समस्यालाई सक्दो समाधान गर्नेतर्फ आफू र मन्त्रालयले काम गरिरहेको उल्लेख गर्नुभयो ।

मन्त्री खरेलले भन्नुभयो, "चलचित्रकर्मीले पहिचान गर्नुभएका समस्या र प्राप्त सुझावलाई हामीले सुन्ने मात्र नभई कार्यान्वयनमा लगेका छौँ । राष्ट्रियसभामा प्रस्ताव गरिएको चलचित्रसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक चलचित्रकर्मीले चाहेअनुसारको ऐन हो। सचिवसहित मन्त्रालयका प्रतिनिधिको सहभागितामा १० दिन लगाएर सम्पूर्ण दफामाथि छलफल गरेका छौँ ।"

उहाँले आगामी बन्ने ऐनपश्चात् चलचित्र विकास बोर्ड स्वायत्त निकाय बन्ने जानकारी दिनुभयो। चलचित्रकर्मीको मागअनुसार बोर्डको अध्यक्षको कार्यकाल चार वर्षको हुने प्रावधान चलचित्र विधेयकमा राखिएको मन्त्री खरेलले बताउनुभयो ।

"मन्त्रालयले चलचित्रकर्मीको हितलाई केन्द्रमा राखी समस्या समाधानका लागि काम हो । त्यसैले सहजताका लागि हदैसम्मको लचकता अपनाएर चलचित्र विधेयकमा छलफल गरेका छौँ । चलचित्र जाँचसम्बन्धी बनेको नयाँ कार्यविधिले चलचित्रकर्मीलाई अप्ठ्यारो पर्ने भएपछि मन्त्रालयका विज्ञ र चलचत्रकर्मी राखेर गरिएको छलफलपश्चात् तयार भएको कार्यविधि अब कार्यान्वयन हुनेछ । हामीलाई प्राप्त अधिकारको उच्चतम प्रयोग गरी सुधारका पक्षमा काम गरिरहेका छौँ", मन्त्री खरेलले भन्नुभयो ।



"हामीले प्रस्तावित चलचित्र विधेयकमा छलफल गरेका छौं । सोही कारण अब बन्ने ऐन आगामी २०-२५ वर्षसम्मका लागि चलचित्रकर्मीको हितमा रहनेछ भन्ने हाम्रो विश्वास छ । त्यसमा आवश्यक संशोधन गर्दै अगाडि बढ्ने छौं । हामीले विधेयक प्रविधिमैत्री होस् भनेर छलफल गरेका छौं"

उहाँले अहिले छलफलमा रहेको चलचित्र विधेयक राष्ट्रियसभाबाट प्रमाणीकरण भएर ऐन बनेपछि केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड) को नाम परिवर्तन भएर प्रमाणीकरण समिति हुने र त्यसको अध्यक्षका रूपमा चलचित्र विज्ञ रहने जानकारी दिनुभयो ।

"प्रमाणीकरण समिति भएपछि त्यहाँ चलचित्र क्षेत्रकै विज्ञले अध्यक्षता गर्नुहुन्छ र त्यहाँ रहने सदस्यमा चलचित्रकर्मीकै बहुमत हुन्छ । अहिले जस्तो मन्त्रालयका व्यक्तिले अध्यक्षता गर्नुहुँदैन । रष्ट्रियसभाले पारित गरी कानुन बनेर कार्यान्वयनमा आएपछि निर्वाचित भएर प्रतिनिधिसभामा आउने सांसदले त्यसलाई पारित गर्नुहुनेछ भन्ने विश्वास छ । नयाँ बन्ने ऐनले चलचित्र क्षेत्रका समस्यालाई न्यूनीकरण गर्नुका साथै ऊर्जा थप्नेमा विश्वस्त छु", मन्त्री खरेलले भन्नुभयो।

कार्यक्रममा कलाकार सुनिल थापालाई विशिष्ट चलचित्रकर्मीको परिचयपत्र प्रदान गरिएको थियो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले बोर्डमार्फत चलचित्रकर्मीको समस्या र सुझावलाई मन्त्रालयले मूल्याङ्कलन गरी आवश्यकता अनुसार कार्यन्वयन गर्दै आएको बताउनुभयो ।

"हामीले प्रस्तावित चलचित्र विधेयकमा छलफल गरेका छौँ । सोही कारण अब बन्ने ऐन आगामी २०-२५ वर्षसम्मका लागि चलचित्रकर्मीको हितमा रहनेछ भन्ने हाम्रो विश्वास छ । त्यसमा आवश्यक संशोधन गर्दै अगाडि बढ्ने छौँ । हामीले विधेयक प्रविधिमैत्री होस् भनेर छलफल गरेका छौँ", सचिव अर्यालले भन्नुभयो । सरकारले चलचित्र प्रशिक्षण केन्द्रको स्थापना गरेर चलचित्रमा लाग्न चाहनेलाई सिक्ने अवसर प्रदान गर्ने उहाँले जानकारी दिनुभयो ।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले चलचित्रकर्मीको आवश्यकतालाई मध्यनजर गर्दै बोर्डले प्रशिक्षणलाई लक्षित गर्दै ११ वटा कार्यक्रम आयोजना गर्ने तयारी गरिरहेको जानकारी दिनुभयो । उक्त कार्यक्रममा बोर्डका पूर्वअध्यक्ष कृष्ण मल्ल, निर्देशक आकाश अधिकारी, पुर्नेन्दु झा, लक्ष्मण सुवेदी, कलाकार मोहन निरौला, रवीन्द्रसिंह बानियाँ, नाजिर हुसेनलगायतको उपस्थिति थियो ।

**सबै मन्त्रालयमा 'जिआइओएमएस' अनिवार्य : सञ्चारमन्त्री खरेल**

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सबै मन्त्रालयमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (जिआइओएमएस) अनिवार्य गराउनेगरी काम गर्न सूचना प्रविधि विभागलाई निर्देशन दिनुभएको छ । सञ्चार मन्त्रालयअन्तर्गतको सूचना प्रविधि विभागमा आज आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री खरेलले मन्त्रालयको सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन सबै मन्त्रालय र निकायलाई कागजरहित बनाउनुपर्नेमा जोड दिनुभयो ।

सञ्चारमन्त्री खरेलले भन्नुभयो, "अहिलेकै कार्यकालमा जिआइओएमएसलाई हरेक मन्त्रालयमा अनिवार्य गराउनेगरी काम गर्न आग्रह गर्दछु, यसले सेवा प्रभावकारिता र सुशासन कायम गर्न मद्दत गर्नेछ ।" उहाँले सुशासनसहित मुलुकको विकास र आर्थिक समृद्धिका लागि सूचना प्रविधिको महत्वपूर्ण भूमिका रहने भएकाले विभागलाई नीतिगत र संरचनागत सुधार गरिनुपर्नेमा जोड दिनुभयो ।

हाल अर्थ मन्त्रालय र सञ्चार मन्त्रालयले जिआइओएमएस लागू गरिसकेका छन् । सरकारी निकायबाट सम्पादन हुने कार्यलाई एउटै सूचना प्रविधि प्रणालीमार्फत सरल, सहज, छरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी सम्पादन गरी कागजरहित बनाउने सरकारको अवधारणालाई कार्यान्वयन गर्न यो प्रणाली सुरु गरिएको जनाइएको छ ।

सूचना प्रविधि विभागद्वारा विकास गरिएको यो प्रणाली प्रयोगगरी विद्युतीयमाध्यमबाट तोक आदेश तथा टिप्पणी निर्णय, चिठीपत्रको दर्ता तथा चलानी, हाजिरी, बिदा र काज स्वीकृत, अभिलेख व्यवस्थापनलगायत अनिवार्य रुपमा विद्युतीय हस्ताक्षरको प्रयोग गरी सम्पादन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चारमन्त्रीमन्त्री खरेलले निर्धारित मितिमा निर्वाचन हुने र त्यसपछि बन्ने संसद् र सरकारमा युवाको वर्चश्व हुने भएकाले मुलुकको सूचना प्रविधि क्षेत्रको विकासका निम्ति महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सञ्चार मन्त्रालयका सचिव राधिका अर्यालले विभागको कामलाई बढी प्रविधिमैत्री एवं सेवालाई चुस्त र प्रभावकारी बनाउन आग्रह गर्नुभयो। सूचना प्रविधि विभागका महानिर्देशक श्री चन्द्र साहले विभागलाई नीतिगत र संरचनागत सुधार गरी सेवालाई प्रविधिमैत्री बनाइने विश्वास व्यक्त गर्नुभयो । रासस

# आयोग निर्वाचनको तीव्र तयारीमा छः कार्यवाहक आयुक्त भण्डारी

काठमाण्डु । निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले प्रतिनिधि सभा सदस्य निर्वाचनको तीव्र तयारीमा आयोग जुटिरहेको बताउनुभएको छ ।

राष्ट्रिय समाचार समिति (रासस)ले स्वनियमनका क्रममा जारी गरेको निर्वाचन आचारसंहिता, २०८२ को प्रति ग्रहण गर्दै कार्यवाहक प्रमुख आयुक्त भण्डारीले सफलतापूर्वक निर्वाचन सम्पन्न गर्ने क्रममा राज्यका जिम्मेवार सबै संस्था र निकायबीचको आपसी सहयोग, सहकार्य, समन्वय हुन आवश्यक रहेको बताउनुभयो ।



निर्वाचनको वातावरण बनाउन आमसञ्चारमाध्यमको महत्वपूर्ण भूमिका हुने धारणा व्यक्त गर्दै आयोगबाट जारी हुने निर्वाचन आचारसंहिता र आफ्नो निर्वाचन आचारसंहितालाई दृष्टिगत गरी निर्वाचन सफल बनाउने राष्ट्रिय अभियानमा रासस क्रियाशील हुने विश्वास व्यक्त गर्नुभयो । आसन्न निर्वाचनका क्रममा आचारसंहिता जारी गरी कार्यान्वयनमा गएकामा खुसी व्यक्त गर्दै सत्यतथ्य, निष्पक्ष, विश्वसनीय र आधिकारिक समाचार सम्प्रेषण गर्दै आएको राससबाट अझ बढी भूमिका अपेक्षा गरिएको बताउनुभयो ।

निर्वाचन आयुक्त सगुनशमशेर जबराले मुलुकका आमसञ्चारमाध्यमलाई सहयोग पुग्नेगरी निर्वाचन लक्षित समाचार सामग्री सङ्कलन तथा सम्प्रेषणमा रासस केन्द्रित हुने विश्वास व्यक्त गर्दै आसन्न निर्वाचनलाई राष्ट्रिय उत्सवका रुपमा मनाउन सम्बद्ध सबैसँग अनुरोध गर्नुभयो । उहाँले आचारसंहिता उल्लङ्घन हुन नदिन, मतदातासँग सम्बन्धित शिक्षा र सूचना सम्प्रेषण गर्न तथा सही समाचार सही समयमा दिन आमसञ्चारमाध्यको ध्यानाकर्षण गर्नुभयो ।

आयोगका सचिव कृष्णबहादुर राउतले निर्वाचन आचारसंहिता सबै सञ्चारमाध्यमले आफ्ना लागि आफैँले जारी गरेर लागू गर्ने अवस्था आएमा सहयोग पुग्ने बताउनुभयो । उहाँले अनुभवी जनशक्तिसहित राष्ट्रव्यापी रुपमा कार्यसञ्जाल रहेको राससको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै यसअघिजस्तै सफलतापूर्वक निर्वाचन सम्पन्न गर्न सहयोग पुग्ने समाचार सामग्री सम्प्रेषणका पक्षमा रासस केन्द्रित हुने विश्वास व्यक्त गर्नुभयो ।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले स्वनियमनका लागि जारी गरेको २३ बुँदे निर्वाचन आचारसंहिता आजैदेखि लागू भएको जानकारी दिनुभयो । उहाँले यसअघि सम्पन्न निर्वाचनमा जारी गरिएको आचारसंहितालाई परिमार्जन गरी 'एआई' र 'सामाजिक सञ्जाल'जस्ता नयाँ विषयवस्तुलाई समेटेर आचारसंहिता जारी गरिएको स्पष्ट गर्नुभयो ।

कार्यकारी अध्यक्ष झाले सूचना र समाचार सम्प्रेषणमा नेतृत्वदायी भूमिका रहेको राससमा कार्यरत जनशक्तिलाई अनुशासनमा राख्ने उद्देश्यले यो ल्याइएको बताउँदै आयोगबाट जारी हुने आचारसंहिता पालना गर्नु राससको कर्तव्य भएको स्पष्ट गर्नुभयो ।राससका समाचार महाशाखा उपप्रमुख एकराज पाठकले यसअघिको निर्वाचनमा जारी गरेको आचारसंहिताको सकारात्मक प्रभाव परेको जानकारी दिँदै निर्वाचन लक्षित समाचार सामग्री सम्प्रेषणका क्रममा आवश्यक व्यवस्था गरिएको बताउनुभयो ।

सो अवसरमा निर्वाचन आयुक्त डा जानकीकुमारी तुलाधर, राससका महाप्रबन्धक सन्दीप राई, समाचार महाशाखा प्रमुख सोमनाथ लामिछाने, प्रधानसम्पादक उत्तम सिल्वाल, आलेख प्रमुख कृष्ण अधिकारी, प्रशासन प्रमुख शीतलप्रसाद महतो र प्रमुख समाचारदाता नारायणप्रसाद न्यौपाने उपस्थित हुनुहुन्थ्यो ।रासस

# बारुदी सुरुङ तथा विस्फोटक पदार्थका विषयमा सरोकारवालासँग छलफल

काठमाण्डु । आगामी प्रतिनिधिसभा सदस्यको निर्वाचन आउन ५५ दिन बाँकी रहेकाले देशको सुरक्षा अवस्था संवेदनशील बनेसँगै राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले बारुदी सुरुङ तथा विस्फोटक पदार्थसम्बन्धी विषयमा सरोकार भएका निकायसँग छलफल गरेको छ ।

समितिको शुक्रबार बसेको बैठकमा निर्वाचनको समयमा उत्पन्न हुनसक्ने सम्भावित सुरक्षा चुनौती, बारुदी सुरुङको जोखिम तथा त्यसको न्यूनीकरणका उपायका विषयमा केन्द्रित रहेर छलफल गरिएको हो ।



बैठकमा समिति सभापति मायाप्रसाद शर्माले निर्वाचनलाई भयमुक्त, शान्त र सुरक्षित वातावरणमा सम्पन्न गर्न सुरक्षाका दृष्टिले अपनाइएका तयारी, योजना तथा चुनौतीबारे जानकारी दिन सुरक्षा निकायका उच्च अधिकारीहरूलाई समय उपलब्ध गराउनुभएको थियो ।उहाँले बारुदी सुरुङ तथा अन्य विस्फोटक पदार्थको जाँच, व्यवस्थापन र नष्ट गर्ने कार्यमा हालसम्म केकस्ता उपलब्धि भएका छन् र आगामी दिनमा कस्ता योजना अघि बढाइँदैछन् भन्ने विषयमा स्पष्ट जानकारी दिन समय उपलब्ध गराउनुभएको थियो । सो अवसरमा नेपाली सेनाका सहायक रथी मनोज थापाले देशका विभिन्न स्थानमा फेलापरेका विस्फोटक पदार्थ तथा तिनको सुरक्षित रूपमा नष्ट गरिएको विवरण प्रस्तुत गर्नुभयो । उहाँले विगतमा राखिएका माइन तथा विस्फोटक पदार्थका कारण नागरिकमा डर र त्रास उत्पन्न हुनसक्ने अवस्था अझै पनि विद्यमान रहेको उल्लेख गर्नुभयो ।विस्फोटक पदार्थसम्बन्धी सूचना सङ्कलन र जोखिम न्यूनीकरणका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबीच समन्वय अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले स्थानीय तहसम्म सूचनाको पहुँच विस्तार गर्न सकेमा जोखिम कम गर्न सहज हुने धारणा राख्नुभयो ।

नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक उमा चर्तुवेदीले ग्रामीण क्षेत्रमा विष्फोटक पदार्थ र माइनहरू कहिले गाईगोठमा कहिले खेतबारीमा भेटिने गरेको अनुभव सुनाउँदै त्यसले स्थानीय नागरिकमा त्रास उत्पन्न गराएको उल्लेख गर्नुभयो ।

नेपाल प्रहरीले विभिन्न व्यक्ति तथा सुरक्षा निकायसँगको सहकार्यमा निरन्तर सूचना सङ्कलन र निगरानी गरिरहेको उहाँले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "हाम्रो सूचनामा आएअनुसार भेटिएका माइन तथा विस्फोटक पदार्थहरू नेपाली सेनामार्फत सुरक्षित रूपमा डिस्पोज गराउँदै आएका छौँ । हालसम्म ७५ वटा विस्फोटका घटना भएका छन्भने ती घटनामा २२ जना नागरिक घाइते भएका छन् ।"

उहाँले आमनागरिकलाई शङ्कास्पद वस्तु देखेमा नछुने र तुरुन्तै सुरक्षा निकायलाई जानकारी दिनुपर्ने चेतनाको विकास गर्नुपर्ने धारणा राख्नुभयो । साथै विस्फोटक पदार्थ राख्ने व्यक्तिले समय बित्दै जाँदा राखेको स्थान बिर्सने र त्यसका कारण अनभिज्ञ नागरिकले छुँदा दुर्घटना हुने गरेको घटनाप्रति उहाँले गम्भीर चासो व्यक्त गर्नुभयो ।

सशस्त्र प्रहरी बल नेपालका अतिरिक्त महानिरीक्षक गणेश ठाडामगरले केही स्थानमा साना समूहद्वारा गराइएका विस्फोटका घटनाले नागरिकमा भय सृजना गरेको बताउनुभयो । कपिलवस्तुलगायत केही जिल्लाका सडक क्षेत्रमा विस्फोटका घटना देखिएका उल्लेख गर्दै उहाँले यस्ता गतिविधिलाई निरुत्साहित गर्न सशस्त्र प्रहरी सुक्ष्म निगरानी र कडा सुरक्षा रणनीतिसहित परिचालित भइरहेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "आतङ्क फैलाउने उद्देश्यले गरिने यस्ता गतिविधिमा संलग्न समूहको निगरानी गर्दै आवश्यक कारबाहीका लागि हामी सतर्क रूपमा लागिपरेका छौँ ।"बैठकमा सहभागी सदस्यहरूले निर्वाचनको समयमा हुनसक्ने सम्भावित जोखिम, बारुदी सुरुङ नियन्त्रणमा सुरक्षा निकायको भूमिका, नागरिक सचेतना तथा अन्तर-निकाय समन्वयलाई थप प्रभावकारी बनाउने उपायलगायत विषयका बारेमा आ-आफ्नो धारणा राख्नुभएको थियो ।रासस

# कांग्रेसका झण्डाले सिँगारिए उपत्यकाका सडक

काठमाण्डु । नेपाली कांग्रेसका विशेष महाधिवेशन पक्षधरहरुले आह्वान गरेको विशेष महाधिवेशनको तयारी तीव्र पारिएको छ । उक्त महाधिवेशनको मिति दुई दिनमात्र बाँकी रहँदा काठमाडौँ उपत्यकाका विभिन्न सडक पार्टीका झण्डाले सिँगारिएका छन् ।



यही पुस २७ गतेदेखि सुरु हुने विशेष महाधिवेशनस्थल भृकुटीमण्डपस्थित महाधिवेशन स्थलमा मञ्च निर्माण, हल सजावटलगायतका प्राविधिक पक्षका कामहरू अघि बढाइएको आयोजक समितिले जनाएको छ ।स्वयंसेवक व्यवस्थापन समितिका संयोजक मनिष कोइरालाले विशेष महाधिवेशनमा करिब एक हजार स्वयंसेवक परिचालन गरिने जानकारी दिनुभयो । "भृकुटीमण्डपमा आजैदेखि मुख्य मञ्च निर्माण सुरु भइसकेको छ", कोइरालाले भन्नुभयो।

आयोजकका अनुसार विशेष महाधिवेशनको सन्देश पार्टी कार्यकर्ता र आमनागरिकसम्म पुऱ्याउने अपेक्षा गरिएको छ । यसैगरी महाधिवेशनमा सहभागिताका लागि देशभरका जिल्लाबाट कांग्रेस कार्यकर्ता तथा शुभेच्छुकहरू काठमाडौँ आउनेक्रम सुरु भएको आयोजक समितिको भनाइ छ।

जनपरिचालन समितिका संयोजक जगदिश्वरनरसिंह केसीले उद्घाटन सत्रमा हजारौँको संख्यामा सहभागिता रहने जानकारी दिनुभयो ।रासस

# जनसङ्ठनहरुलाई निर्वाचन केन्द्रित हुन एमाले महासचिवको निर्देशन

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई ध्यानमा राखेर पार्टीका जनसङ्गठनहरुलाई सक्रिय हुन निर्देशन दिनुभएको छ ।

एमालेको केन्द्रीय कार्यालयमा शुक्रबार भएको जनसङ्गठन समन्वय संयन्त्रको बैठकमा महासचिव पोखरेलले जनसङ्गठनहरू निर्वाचन अभियानको अग्रपङ्क्तिमा उभिनुपर्ने बताउनुभएको हो ।

संसद् पुनःस्थापनाको मागका साथै निर्वाचनलाई पनि जनाधिकार र प्राप्त उपलब्धिको रक्षाका रुपमा लिइएको उहाँको भनाइ थियो ।

बैठकमा सामाजिक सञ्जालको प्रभावकारी परिचालनमार्फत पार्टीका पक्षमा जनमत निर्माण गर्नुपर्नेमा विशेष जोड दिइएको छ । पार्टीको 'सर्कुलर'अनुसार सबै जनसङ्गठनहरू परिचालित भई युवासहित विभिन्न वर्ग, समुदाय र पेसागत समूहमा पार्टीको सन्देश सशक्त रूपमा पुऱ्याउनुपर्ने महासचिव पोखरेलले बताउनुभयो ।

बैठकमा पार्टीका सचिव एवं सङ्गठन विभागका संयोजक भानुभक्त ढकालले जनसङ्गठनलाई थप सक्रिय, अनुशासित र परिणाममुखी रूपमा परिचालन गर्नुपर्ने बताउनुभयो ।रासस

# वनमन्त्री चौलागाईंद्वारा भौतिक मन्त्रालयको पदभार ग्रहण

काठमाण्डु । वन तथा वातावरणमन्त्री माधवप्रसाद चौलागाईंले भौतिक पूर्वाधार तथा यातायातमन्त्रीको पदभार ग्रहण गर्नुभएको छ ।

सो अवसरमा उहाँले कर्णाली राजमार्गलाई सडक सुरक्षा र स्तरोन्नतिका लागि आगामी पाइपलाइन परियोजनामा समावेश गर्न एसियाली विकास बैङ्कलाई अनुरोध गर्ने निर्णयमा हस्ताक्षर गर्नुभयो ।साथै उहाँले जुम्ला र कालीकोटको सिमाना नाग्मस्थित हिमा नदीमा पक्की पुल बनिसकेको अवस्थामा उक्त स्थानमा रहेको बेलिब्रिजलाई जुम्ला जिल्लाको तातोपानी गाउँपालिका-५ स्थित तिला नदीमा तातोपानी गाउँपालिका-४ हाँकु जोड्न स्थानान्तरण गर्ने निर्णय गर्नुभयो ।

मन्त्री चौलागाईंले निर्माण व्यवसायी नियमावली, २०५६ को अनुसूची १३ मा रहेको 'घ' वर्गको निर्माण व्यवसायीको योग्यतासम्बन्धी मापदण्ड परिमार्जन गर्न आवश्यक सुझावका लागि मन्त्रालयका सहसचिव सुशीलबाबु ढकालको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गर्ने निर्णयमा पनि हस्ताक्षर गर्नुभयो । रासस

## रूसी ट्याङ्कर कब्जापछि पुटिनसँग सम्पर्कबारे ट्रम्प मौन

एएनआई

वासिङ्टन। एटलान्टिक महासागरमा रूसी झण्डा बोकेको एक तेल ट्याङ्कर अमेरिकी सेनाले कब्जा गरेपछि राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग यस विषयमा सम्पर्क भएको छ कि छैन भन्नेबारे स्पष्ट गर्न अस्वीकार गर्नुभएको छ।

फक्स न्युजसँगको अन्तर्वार्तामा सोधिएको प्रश्नको जवाफ दिँदै राष्ट्रपति ट्रम्पले आफूले त्यसबारे केही भन्न नचाहेको बताउनुभयो। उहाँका अनुसार घटनाका क्रममा त्यहाँ रूसी पनडुब्बी र एक विध्वंसक जहाज देखिएका थिए, तर अमेरिकी सेनाको उपस्थितिपछि ती दुवै छिट्टै त्यहाँबाट हटेका थिए। "हामीले जहाज नियन्त्रणमा लियौँ र अहिले त्यसबाट तेल उतारिएको छ", उहाँले दाबी गर्नुभयो।

अमेरिकी सेनाले उच्च समुद्रमा एक सातासम्म खोजी गरेपछि बुधबार ट्याङ्करमा चढी नियन्त्रणमा लिएको थियो। यो कारबाहीले मस्कोसँगको तनाव बढाउनुका साथै रुसको सहयोगी भेनेजुएलामाथि पनि दबाब बढाएको विश्लेषण गरिएको छ। यद्यपि विश्लेषण संस्था केप्लरका अनुसार जफतका बेला ट्याङ्करमा कुनै तेल थिएन, जसले राष्ट्रपति ट्रम्पको दाबीमाथि प्रश्न उठाएको छ।

उक्त ट्याङ्कर पहिले 'बेला-१' नामले परिचित थियो र सन् २०२४ मा अवैध रूपमा इरानी तेल ढुवानी गर्ने तथाकथित 'छाया फ्लीट' मा संलग्न भएको आरोपमा अमेरिकाले प्रतिबन्ध लगाएको थियो। गत महिना गुयाना झण्डामुनि भेनेजुएलातर्फ जाँदै गर्दा अमेरिकी तटरक्षकले जहाज नियन्त्रणमा लिन खोज्दा चालकदलले अस्वीकार गर्दै जहाज एटलान्टिकतर्फ फर्काएको थियो।

पछि चालकदलले जहाजमा रूसी झण्डा रङ्ग्याए र रूसी शिपिङ रजिस्ट्रीमा 'मारिनेरा' नाममा दर्ता गराए। जहाज ट्र्याकिङ डाटाअनुसार उत्तरी एटलान्टिकमा आइसल्यान्डको दक्षिणी तटबाट करिब १९० माइल टाढा ट्याङ्कर जफत गरिएको थियो।

यस अपरेसनका क्रममा अमेरिकी नौसेना सीलहरू र १६० औँ स्पेशल अपरेसन एभियसन रेजिमेन्टका सदस्यहरू संलग्न थिए। बेलायतको रक्षा मन्त्रालयले अमेरिकी अनुरोधपछि सहयोग गरेको जनाएको छ।

# इन्टरनेट बन्दबीच इरानमा उग्र प्रदर्शन



एपी

दुबई। इरानको सरकारले इन्टरनेट तथा अन्तर्राष्ट्रिय टेलिफोन सेवा पूर्ण रूपमा बन्द गरे पनि शुक्रबार राजधानी तेहरानसहित विभिन्न सहरमा व्यापक विरोध प्रदर्शन भएका छन्। निर्वासित युवराज रेजा पहलवीले प्रदर्शनका लागि आह्वान गर्नुभएपछि प्रदर्शनकारीहरू सडकमा उत्रिएका हुन्।

तेहरान र अन्य सहरका सडकहरूमा प्रदर्शनपछि भग्नावशेष छरिएका देखिएका छन्। कार्यकर्ताहरूले बाहिर पठाएका छोटा अनलाइन भिडियोहरूमा प्रदर्शनकारीहरूले आगो बाल्दै इरानको ईश्वरतान्त्रिक शासनविरुद्ध नारा लगाएको देखिन्छ। लामो समय मौन बसेको इरानी राज्य टेलिभिजनले शुक्रबार पहिलो पटक प्रतिक्रिया जनाउँदै प्रदर्शन हिंसात्मक बनेको र 'हताहत' भएको दाबी गरेको छ, तर त्यसबारे विस्तृत विवरण दिएको छैन। राज्य मिडियाले अमेरिका र इजरायलका 'आतङ्कवादी एजेन्ट' ले आगजनी र हिंसा भड्काएको आरोप पनि लगाएको छ।

सञ्चार अवरोधका कारण प्रदर्शनको वास्तविक आकार र फैलावट तुरुन्तै पुष्टि गर्न सकिएको छैन। तर कमजोर अर्थतन्त्र, महँगी र बेरोजगारीले थलिएको अवस्थामा सुरु भएको यो आन्दोलन पछिल्ला वर्षहरूमा सरकारका लागि सबैभन्दा गम्भीर चुनौती बनेको विश्लेषकहरूको भनाइ छ।

यो विरोध प्रदर्शनलाई निर्वासित युवराज रेजा पहलवीको आह्वानप्रति जनसमर्थन कति छ भन्ने पहिलो ठूलो परीक्षणका रूपमा पनि हेरिएको छ। उहाँका पिता, पूर्व शाह, सन् १९७९ को इस्लामिक क्रान्तिभन्दा अघि देश छाड्न बाध्य हुनुभएको थियो। पछिल्ला प्रदर्शनमा शाहको समर्थनमा नाराबाजीसमेत सुनिनु, पहिले मृत्युदण्डसम्म हुन सक्ने अवस्थाको तुलना गर्दा जनआक्रोश कति गहिरो छ भन्ने सङ्केत मानिएको छ।

अमेरिकास्थित मानव अधिकार निगरानी समूहका अनुसार हालसम्मको झडप र दमनमा कम्तीमा ४२ जनाको मृत्यु भएको छ भने दुई हजार २७० भन्दा बढी व्यक्तिलाई हिरासतमा लिइएको छ। युवारज पहलवीले बिहीबार र शुक्रबार साँझ ८ बजे पुनः सडकमा उत्रिन आह्वान गर्नुभएको थियो।

विश्लेषक होली डाग्रेसका अनुसार सामाजिक सञ्जालमा देखिएको प्रतिक्रियाबाट धेरै इरानी नागरिकहरूले इस्लामिक गणतन्त्र हटाउने उद्देश्यसहित प्रदर्शनलाई गम्भीर रूपमा लिएको स्पष्ट हुन्छ। उहाँका अनुसार विश्वले प्रदर्शन नदेखोस् र सुरक्षाबललाई कडा कारबाही गर्न सहज होस् भन्ने उद्देश्यले सरकारले इन्टरनेट बन्द गरेको हो।इन्टरनेट बन्द हुनुअघि बिहीबार साँझ तेहरानका विभिन्न बस्तीहरूमा 'तानाशाह मूर्दावाद' र 'इस्लामिक गणतन्त्र मूर्दावाद' जस्ता नाराले आकाश गुन्जिएको प्रत्यक्षदर्शीहरूले बताएका छन्। केहीले 'यो अन्तिम युद्ध हो, पहलवी फर्कनुहुनेछ' भन्दै शाहको प्रशंसा गरेका थिए।

युवराज पहलवीले सञ्चार बन्दलाई जनताको आवाज दबाउने प्रयास भन्दै युरोपेली नेताहरूलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग मिलेर इरानी शासनलाई जवाफदेही बनाउन आग्रह गर्नुभएको छ। उहाँले इरानी जनताको आवाज चुप लाग्न नदिन अन्तर्राष्ट्रिय समुदायले सबै प्राविधिक, वित्तीय र कूटनीतिक उपाय अपनाउनुपर्ने बताउनुभएको छ।

यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी सुरक्षाबल वा सरकारले शान्तिपूर्ण रूपमा प्रदर्शन गरिरहेका नागरिकहरूमाथि हत्या, अत्यधिक बल प्रयोग वा दमन गरेमा त्यसको गम्भीर परिणाम भोग्नुपर्ने चेतावनी दिनुभएको छ। उहाँले हाल युवराजसँग प्रत्यक्ष भेट उपयुक्त नहुने बताउँदै घटनाक्रमको परिणाम कुर्नुपर्ने धारणा व्यक्त गर्नुभएको छ।

हालैका वर्षहरूमा प्रतिबन्ध र क्षेत्रीय द्वन्द्वका कारण इरानको अर्थतन्त्र गम्भीर सङ्कटमा छ। १२ दिने युद्धपछि रियाल मुद्रा ऐतिहासिक रूपमा कमजोर बनेको अवस्थामा सुरु भएको यो आन्दोलनले आगामी दिनमा इरानको राजनीतिक दिशा कता मोडिन्छ।

# नेपाली महिला क्रिकेट टोली स्कटल्यान्डसँग पराजित



काठमाण्डु। आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोटको तयारीमा रहेको नेपाल अभ्यास खेलमा स्कटल्यान्डसँग पराजित भएको छ।

कीर्तिपुरस्थित त्रिवि मैदानमा शुक्रबार भएको खेलमा नेपाल स्कटल्यान्डसँग २७ रनले पराजित भएको हो। स्कटल्यान्डले दिएको १८४ रनको बलियो लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १५६ रनमा समेटियो। नेपालका लागि सम्झना खड्काले सर्वाधिक अविजित ५२ रन बनाइन्। त्यसैगरी कविता कुँवरले अविजित २९ रन जोड्दा कप्तान इन्दु बर्माले २८ तथा कविता जोशीले २२ रन बनाइन्।

स्कटल्यान्डका लागि डार्शी कार्टरले तीन विकेट लिइन् भने क्याथरिन ब्रिस, ओलिभिया बेल र चोल अबेलले समान एक/एक विकेट लिए।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको स्कटल्यान्डले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १८३ रनको योगफल बनाएको थियो। उसका लागि क्याथरिन ब्रिसले २८ बलमा अविजित ६२ रन बनाइन्। त्यस्तै प्रियानाज चटर्जीले अविजित ४० रन बनाइन्।

नेपालका लागि रुबिना क्षेत्री र कविता कुँवरले समान दुई/दुई विकेट लिइन् भने रिया शर्मा र रचना चौधरीले समान एक/एक विकेट लिए।रासस

# अलेप्पोमा झडपपछि सिरियाद्वारा युद्धविराम घोषणा

एपी

अलेप्पो।उत्तरी सिरियाली सहर अलेप्पोमा सरकारी सेना र कुर्दिश लडाकूहरूबीच तीन दिनसम्म चलेको भीषण झडपपछि सिरियाको रक्षा मन्त्रालयले शुक्रबार युद्धविरामको घोषणा गरेको छ। मन्त्रालयका अनुसार शेख मकसौद, अचराफिह र बानी जैद क्षेत्रहरूमा बिहान ३ बजेदेखि युद्धविराम लागू भएको हो। सरकारी विज्ञप्तिमा सशस्त्र समूहहरूलाई छ घण्टाभित्र ती क्षेत्र छाड्न निर्देशन दिइएको छ। क्षेत्र छाड्ने लडाकूहरूलाई आफ्ना व्यक्तिगत हल्का हतियार बोकेर जान अनुमति दिइने र उनीहरूलाई कुर्दिश नेतृत्वको सिरियन डेमोक्रेटिक फोर्स (एसडिएफ) को नियन्त्रणमा रहेको उत्तर पूर्वी क्षेत्रमा सुरक्षासहित पुऱ्याइने उल्लेख गरिएको छ।

अलेप्पोका गभर्नर अजाम अल-घारिबले सुरक्षा बलका साथ रातभर विवादित क्षेत्रको निरीक्षण गर्नुभएको छ। तर एसडिएफतर्फबाट तत्काल कुनै औपचारिक प्रतिक्रिया आएको छैन र अलेप्पोमा रहेका कुर्दिश बलहरू सम्झौतामा सहमत भएका छन् वा छैनन् भन्ने अझै स्पष्ट छैन।

सिरियाका लागि अमेरिकी विशेष दूत टम बाराकले सामाजिक सञ्जालमार्फत युद्धविरामको स्वागत गर्दै सिरियाली सरकार, एसडिएफ, स्थानीय अधिकारी र सामुदायिक नेताहरूले देखाएको संयम र सद्भावप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ। उहाँका अनुसार अमेरिकाले छ घण्टाको समयसीमाभन्दा बाहिर पनि युद्धविराम कायम राख्न सबै पक्षसँग काम गरिरहेको छ।




मङ्गलबार गोलाबारी र ड्रोन आक्रमणबाट सुरु भएको झडपका कारण करिब एक लाख ४२ हजार मानिस विस्थापित भएका छन्। दुवै पक्षले एकअर्कामाथि हिंसा सुरु गरेको, नागरिक बस्ती, एम्बुलेन्स र अस्पतालजस्ता पूर्वाधारलाई जानाजानी लक्षित गरेको आरोप लगाएका छन्। कुर्दिश पक्षका अनुसार कुर्द बहुल क्षेत्रमा कम्तीमा १२ सर्वसाधारणको ज्यान गएको छ भने सरकारी अधिकारीहरूले सरकार नियन्त्रित क्षेत्रमा कम्तीमा नौ सर्वसाधारण मारिएको बताएका छन्। दुवै पक्षका दर्जनौँ व्यक्ति घाइते भएका छन् तर लडाकू मृतकको यकिन विवरण सार्वजनिक भएको छैन।

यो झडप केन्द्रीय सरकार र एसडिएफबीचको राजनीतिक वार्ता अवरुद्ध भइरहेका बेला भएको हो। अन्तरिम राष्ट्रपति अहमद अल-साराको नेतृत्वमा दमास्कस प्रशासनले गत वर्ष मार्चमा एसडिएफलाई सन् २०२५ को अन्त्यसम्म सिरियाली सेनामा समायोजन गर्ने सम्झौतामा हस्ताक्षर गरेको थियो, तर त्यसको कार्यान्वयन प्रक्रियामा अझै सहमति जुट्न सकेको छैन।

डिसेम्बर २०२४ मा भएको विद्रोही आक्रमणपछि पूर्वराष्ट्रपति बशर अल-असदको पतनसँगै गठन भएको नयाँ सिरियाली सेनामा समावेश केही गुटहरू पहिले टर्की समर्थित थिए, जसको कुर्दिश बलसँग लामो समयदेखिको वैमनस्य छ। एसडिएफ इस्लामिक स्टेट समूहविरुद्धको लडाइँमा वर्षौंदेखि अमेरिकाको मुख्य साझेदार रहँदै आएको छ, तर टर्कीले एसडिएफलाई कुर्दिस्तान वर्कर्स पार्टी (पिकेके) सँग जोडिएको भन्दै आतङ्कवादी सङ्गठनका रूपमा हेर्ने गरेको छ।

यद्यपि एसडिएफप्रति अमेरिकी समर्थन कायम रहे पनि राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले दमास्कसको नयाँ सरकारसँग पनि सम्बन्ध विस्तार गर्दै एसडिएफलाई मार्च सम्झौता कार्यान्वयन गर्न दबाब दिइरहेको देखिन्छ।

# सन् २०२५ मा समुद्रबाट रेकर्ड ताप अवशोषित



एएफपी

ब्रेस्ट। विश्वका महासागरहरूले सन् २०२५ मा अहिलेसम्मकै उच्च मात्रामा ताप अवशोषित गरेको तथ्य वैज्ञानिकहरूको एक अन्तर्राष्ट्रिय टोलीले सार्वजनिक गरेको छ। विज्ञहरूका अनुसार यसले समुद्री सतहको वृद्धि, शक्तिशाली आँधीबेहरी र कोरल नष्ट हुने जोखिमलाई अझ तीव्र बनाएको छ।

अध्ययनअनुसार सन् २०२५ मा महासागरमा जम्मा भएको अतिरिक्त ताप करिब २३ जेटाजुलले बढेको छ। यो झण्डै चार दशकको विश्वव्यापी प्राथमिक ऊर्जा खपतको बराबर हो। यो तथ्य 'एडभान्सेस इन एटमोस्फेरिक साइन्सेज' नामक वैज्ञानिक जर्नलमा प्रकाशित गरिएको छ। आधुनिक रेकर्ड राख्न सुरु गरिएको सन् १९५० को दशकयताकै सबैभन्दा उच्च स्तरको महासागरीय ताप रहेको अध्ययनले देखाएको छ।

यो निष्कर्ष निकाल्न विश्वका ३१ अनुसन्धान संस्थामा आबद्ध ५० भन्दा बढी वैज्ञानिकले विभिन्न स्रोतको प्रयोग गरेका थिए। तीमध्ये हजारौँ फ्लोटिङ रोबोटहरू पनि रहेका छन्, जसले समुद्रको सतहदेखि करिब दुई हजार मिटर गहिराइसम्म तापक्रम र अन्य परिवर्तनहरू निरन्तर मापन गर्छन्।

अध्ययनकी सह-लेखक तथा फ्रान्सेली अनुसन्धान संस्था मर्केटर ओसन इन्टरनेसनलकी समुद्रविद् करिना भोन सकम्यानका अनुसार सतहभन्दा गहिराइमा केन्द्रित अध्ययनले मानव गतिविधिबाट उत्सर्जित हरितगृह ग्यासका कारण महासागरमाथि परिरहेको 'निरन्तर दबाब' लाई अझ स्पष्ट रूपमा देखाउँछ। उहाँले भन्नुभयो, "तस्वीर एकदमै स्पष्ट छ। सन् २०२५ का नतिजाले समुद्रको तापक्रम निरन्तर बढ्दै गएको पुष्टि गर्छ।"

महासागर पृथ्वीको जलवायु प्रणालीका प्रमुख नियामक मानिन्छन्, किनकि मानवले कार्बन डाइअक्साइडजस्ता हरितगृह ग्यास उत्सर्जन गर्दा वायुमण्डलमा जम्मा हुने अतिरिक्त तापमध्ये करिब ९० प्रतिशत महासागरले नै अवशोषण गर्छन्। तर यही अतिरिक्त ऊर्जाले गम्भीर प्रभावहरू पनि निम्त्याइरहेको छ।

तातो महासागरले वायुमण्डलमा आर्द्रता बढाउँछ, जसले उष्णकटिबन्धीय चक्रवात र विनाशकारी वर्षालाई थप शक्तिशाली बनाउँछ। पानी तातिँदा फैलिने भएकाले समुद्री सतहको स्तर बढ्ने प्रक्रियामा पनि यसले प्रत्यक्ष योगदान पुऱ्याउँछ। साथै, उष्णकटिबन्धीय समुद्री चट्टानहरूमा रहेका कोरलहरू लामो समयसम्म चल्ने समुद्री गर्मी छालका कारण नष्ट हुने अवस्थामा पुगेका छन्।

भोन सकम्यानले भन्नुभयो, "जबसम्म पृथ्वीले ताप जम्मा गर्न जारी राख्छ, महासागरको ताप बढिरहनेछ, समुद्री सतह उकासिनेछ र नयाँ-नयाँ रेकर्डहरू कायम हुँदै जानेछन्।"अध्ययनले महासागरको तापक्रम सबै क्षेत्रमा समान नभएको पनि देखाएको छ। केही क्षेत्रहरू अन्यभन्दा छिटो तातिरहेका छन्। सन् २०२५ मा उष्णकटिबन्धीय महासागर, दक्षिण अटलान्टिक, भूमध्यसागर, उत्तरी हिन्द महासागर र दक्षिणी महासागरले रेकर्ड मात्रामा ताप अवशोषित गरेका थिए।

यद्यपि सन् २०२५ मा औसत समुद्री सतहको तापक्रम अघिल्ला वर्षको तुलनामा केही घटेको देखिए पनि यो अझैसम्म मापन गरिएका तेस्रो-उच्चतम स्तरमै रहेको अध्ययनले जनाएको छ। वैज्ञानिकहरूका अनुसार यो कमी सन् २०२३-२०२४ मा देखिएको शक्तिशाली 'एल निनो' ताप प्रभावबाट 'ला निन्या' प्रकारको अवस्थातर्फको सङ्क्रमणसँग सम्बन्धित हो, जसले समुद्री सतहलाई अस्थायी रूपमा केही चिस्याउँछ।

तर दीर्घकालीन रूपमा हेर्दा जीवाश्म इन्धनको अत्यधिक प्रयोगका कारण वायुमण्डलमा हरितगृह ग्यासको मात्रा बढिरहेकाले महासागर तातिने गति झनै तीव्र हुँदै गएको छ। विज्ञहरूका अनुसार जबसम्म ग्लोबल वार्मिङलाई नियन्त्रणमा ल्याइँदैन, महासागरले हरेक वर्ष नयाँ रेकर्ड तोड्दै जानेछन्।

भोन सकम्यानले चेतावनी दिँदै भन्नुभयो, "अब जलवायु प्रणालीको सबैभन्दा ठूलो अनिश्चितता भौतिक विज्ञान होइन, मानवताले गर्ने छनोट हो।

# एक अन्तरिक्षयात्री 'गम्भीर बिरामी' परेपछि नासाको पूरै टोली अन्तरिक्ष स्टेशनबाट फर्किँदै

बीबीसी

काठमाण्डु। अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन (आईएसएस) मा भएका चार अन्तरिक्षयात्रीमध्ये एक जना "गम्भीर रूपमा अस्वस्थ" भएपछि पूरै टोली निर्धारित समयभन्दा एक महिनाअघि फिर्ता हुन लागेको अमेरिकी अन्तरिक्ष निकायले जनाएको छ।व्यक्तिगत गोपनीयताको विषय भन्दै नासाले बिरामी परेका अन्तरिक्षयात्रीको नाम र उनलाई के भएको हो भन्ने खुलाएको छैन। तर सो निकायले ती व्यक्तिको अवस्था "स्थिर" रहेको बताएको छ।

"यो आकस्मिक उद्धार चाहिँ होइन," नासाका एक अधिकारीले भने। "हामी सधैँ अन्तरिक्षयात्रीको स्वास्थ्यका पक्षमा निर्णय लिन्छौँ। उक्त टोलीका दुई सदस्यहरू बिहीवार आईएसएसबाट बाहिर निस्किएर अन्तरिक्षमा हिँड्ने पूर्वनिर्धारित योजना थियो। तर नासाले "स्वास्थ्यका कारण" भन्दै उक्त योजना बुधवार अकस्मात् स्थगित गऱ्यो।

बिहीवार आयोजित पत्रकार सम्मेलनमा नासा प्रमुख ज्यारड आइज्याक्मन र अन्य अधिकारीहरूले अन्तरिक्षयात्रीहरूको टोलीलाई फिर्ता ल्याउने घोषणा गरे। नासाका अधिकारीहरूले अन्तरिक्षयात्री बिरामी परेको विषयमा विस्तृत विवरण दिएका छैनन्। तर पत्रकार सम्मेलनमा उनीहरूले स्वास्थ्यसम्बन्धी विषय अन्तरिक्ष अभियानसँग असम्बन्धित रहेको र चोटपटक पनि नभएको बताए।



उनीहरूका अनुसार अन्तरिक्षयात्रीहरूको फिर्तीको समयतालिका ४८ घण्टाभित्र तयार हुने अपेक्षा गरिएको छ।

नासाका प्रमुख स्वास्थ्य अधिकारी डा जेम्स पोकका अनुसार नासाको ६५ वर्षभन्दा लामो इतिहासमा स्वास्थ्यका कारण पूरै अभियान पूर्वनिर्धारित समयभन्दा अगाडि फिर्ता हुन लागेको यो पहिलो पटक हो। आईएसएसमा सन् २००० देखि निरन्तर अन्तरिक्षयात्रीहरू बस्दै आएका छन्। नासाका अनुसार २५ वर्षको अवधिमा अहिलेसम्म आईएसएसमा २८० भन्दा बढी अन्तरिक्षयात्री पुगिसकेका छन्। यो चार-सदस्यीय टोलीलाई 'क्रू-११' भनिन्छ।त्यसमा नासाका अन्तरिक्षयात्रीहरू जेना काड्मर्न र माइक फिङ्क, जापानी अन्तरिक्ष निकाय जाक्साका किमिया युई र रुसी अन्तरिक्षयात्री ओलेग प्लाटोनोभ छन्।अधिकारीहरूका अनुसार एक अमेरिकीअन्तरिक्षयात्रीआईएसएसमै बस्ने छन्। त्यहाँ उनीसँग अन्य दुई रुसी अन्तरिक्षयात्री पनि हुने छन्।

गत वर्ष स्पेसएक्स क्रू ड्र्यागनमा चढेर क्रू-११ आईएसएसमा पुगेको थियो। उक्त टोली छ महिना अन्तरिक्षमा बसेर आगामी महिना फर्किने योजना थियो।उक्त टोली फर्किनुभन्दा केही दिनअघि नासाले अर्को चार-सदस्यीय टोलीलाई आईएसएसमा पठाउन लागेको थियो। आईएसएसमा औषधोपचारका लागि चाहिने आधारभूत उपकरण, अन्य सामग्री रसञ्चारप्रणालीउपलब्धछन्।आवश्यक परेको खण्डमा अन्तरिक्षयात्रीहरूले सञ्चारप्रणाली प्रयोग गरेर पृथ्वीमा चिकित्सकहरूसँग परामर्श गर्न सक्छन्।

यो टोली चाँडै फर्किँदा योजनामा रहेका वैज्ञानिक प्रयोग र मर्मतसम्भारको काममा एक महिना विलम्ब हुन सक्ने ओपन यूनिभर्सिटीसँग आबद्ध अन्तरिक्ष वैज्ञानिक सिमिअन बार्बर बताउँछन्।"यो अन्तरिक्ष स्टेशन एउटा ठूलो र जटिल संरचना हो। यसलाई सञ्चालन गर्न निश्चित स𝑟्यामा विशेषज्ञहरू आवश्यक हुन्छन्," उनले भने।उनका अनुसार आईएसएसमा बाँकी रहने अन्तरिक्षयात्रीहरूले पृथ्वीबाट अर्को टोली नपुगेसम्म सम्भवतः प्रयोगात्मक काम थाती राखेर अन्तरिक्ष स्टेशन सञ्चालनसँग सम्बन्धित नियमित काममा बढी ध्यान दिनुपर्ने छ।

# राष्ट्रसंघका निकायबाट बाहिरिने अमेरिकी निर्णयप्रति राष्ट्रसंघ चिन्तित

क्युएनए

न्युयोर्क।संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले संयुक्त राष्ट्रसङ्घका विभिन्न निकाय र कार्यालयबाट अमेरिका बाहिरिने ह्वाइट हाउसको घोषणा माथि खेद जनाउदै चिन्ता व्यक्त गर्नु भएको छ।

विज्ञप्ति जारी गर्दै संयुक्त राष्ट्रसङ्घका प्रवक्ता स्टेफन डुजारिकले महासभाले स्वीकृत गरेको संयुक्त राष्ट्रसङ्घको नियमित बजेट र शान्तिरक्षा बजेटमा मूल्याङ्कन गरिएको योगदान संयुक्त राष्ट्रसङ्घको बडापत्र अन्तर्गत संयुक्त राज्य अमेरिकासहित सबै सदस्य राष्ट्रका लागि कानुनी दायित्व रहेको बताउनु भएको छ। उहाँले संयुक्त राष्ट्रका सबै निकायहरूले सदस्य राष्ट्रहरूले उनीहरूलाई दिएको जनादेशको पालना जारी राख्न, संगठनको काममा निर्भर रहेका विश्वभरका मानिसहरूको सेवा गर्ने जिम्मेवारी र दृढ संकल्पका साथ गर्ने कुरामा जोड दिनु भएको छ।

संयुक्त राज्य अमेरिकाले संयुक्त राष्ट्रका ३१ वटा एजेन्सी र कार्यालयहरूसहित दर्जनौं अन्तर ष्ट्रिय संस्थाहरूबाट सदस्या फिर्ता लिन तत्काल कदम चाल्ने बताएको छ। राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार हस्ताक्षर गरेको कार्यकारी आदेशले परिवार नियोजन र मातृ तथा नवजात स्वास्थ्यलाई समर्थन गर्ने संयुक्त राष्ट्र जनस𝑟्या कोष, जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र फ्रेमवर्क कन्भेन्सनको सचिवालय जस्ता निकायहरू रहेका छन्।आदेशमा सदस्यता फिर्ता लिने आदेशमा सहभागिता वा कोष रोक्ने जनाइएको छ भने राष्ट्रपति ट्रम्पले यी संस्थाहरूमा अमेरिकी संलग्नता अमेरिकी हितको विपरित रहेको तर्क गर्नु भएको छ।

यस निर्णयप्रति प्रतिक्रिया दिँदै संयुक्त राष्ट्रसंघीय जलवायु सम्मेलनका कार्यकारी सचिव साइमन स्टिलले जलवायु सहयोगबाट पछि हट्ने निर्णयले अमेरिकी अर्थतन्त्रलाई नोक्सान पुग्ने चेतावनी दिनु भएको छ। संयुक्त राष्ट्र जलवायु परिवर्तन र पेरिस सम्झौता दुवैलाई आकार दिन अमेरिकाले केन्द्रीय भूमिका खेलेकोसमेत उहाँले बताउनु भएको छ।

स्टिलले जलवायु सहयोग फिर्ता लिनुले अमेरिकी अर्थव्यवस्था, रोजगारी र जीवनस्तरलाई क्षति पुर्याउने उल्लेख गर्दै जङ्गली आगो, बाढी र गम्भीर आँधीबेहरीले अमेरिहरूको लागि ऊर्जा, खाना, यातायात र बिमा लागतहरू बढाउने बताउनु भएको छ।

जलवायु सम्मेलनको सचिवालयले अन्तर्राष्ट्रिय सहयोगबाट विश्वव्यापी देशहरूलाई फाइदा पुर्याउन काम गर्न जारी राख्ने कुरामा जोड दिँदै उहाँले संयुक्त राज्य अमेरिकाको लागि भविष्यमा फर्कने ढोका खुला रहने बताउनु भएको छ। अमेरिकी निर्णयबाट प्रभावित अन्य संयुक्त राष्ट्रसङ्घका निकायहरूमा दिगो विकासमा अन्तर्राष्ट्रिय सहयोगलाई समर्थन गर्ने आर्थिक र सामाजिक मामिला विभाग र पानी र सरसफाइका सवालहरु समावेश छन्।

# बाघ गणनामा राखिएका सातवटा क्यामरामा क्षति



चितवन । चितवन राष्ट्रिय निकुञ्जमा बाघ गणनाका लागि राखिएका सातवटा क्यामेरामा क्षति पुगेको छ । पुस ३ गतेदेखि सुरु गरिएको बाघ गणनाका क्रममा राखिएका पाँच क्यामेरा हराएका छन्‌भने दुई क्यामेरा हात्तीले फुटाएको हो ।

निकुञ्जका सूचना अधिकारी अविनास थापा मगरका अनुसार बाघ गणनामा राखिएका क्यामेरामध्ये तीन थुम्सी क्षेत्रमा र दुईवटा तमासपुर क्षेत्रमा राखिएका क्यामेरा हराएका हुन् । टाइगर टप्स क्षेत्रमा रहेका दुई क्यामेर हात्तीले फुटाएको उहाँले बताउनुभयो । करिब २८६ ग्रिडमा क्यामेरा राखेर बाघ गणना गरिएको थियो ।

मगरका अनुसार पहिलो भागको गणनाको काम सकेर क्यामेरा उठाउने क्रममा तीन स्थानमा राखिएका क्यामेरा हराएको र हात्तीले क्षति पुऱ्याएको हो । चितवन र पर्सा राष्ट्रिय निकुञ्जलाई एउटा ब्लक बनाएर बाघ गणना सुरु गरिएको छ । उहाँका अनुसार त्रिवेणी, अमलटारी, कसरा हुँदै बरणडाभार क्षेत्रलाई पहिलो भाग बनाएर गणना गरिएको थियो ।

अहिले दोस्रो भागमा बाघ गणनाको कार्य सुरु गरिएको छ । दोस्रो भागमा १३ वटा क्याम्प बनाएर गणकहरु खटिएका छन् । यस भागअन्तर्गत सौराहा, खगेन्द्रमल्ली हुँदै लोथर प्रतापपुर र हर्दासम्म, बोटे सिमारा, स्वमेश्वर, बगई, अम्बुवा हुँदै शिकारी बाससम्मको क्षेत्रमा क्यामेरा जडान गरेर गणना गरिएको छ । सो भागलाई ३३६ ग्रिडमा विभाजन गरेर बाघ गणना गरिएको छ । गणनामा १५० गणक खटिएका छन् । थापाका अनुसार एउटा भागमा दुई साता क्यामेरा राखेर बाघ गणना गरिने छ ।

चितवन-पर्सा ब्लकमा ९५८ ग्रिड बनाएर बाघ गणना गरिँदै छ । यसअघि सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३५५ वयस्क बाघ रहेको तथ्याङ्क सार्वजनिक भएको थियो । सो गणनामा चितवनमा १२८, बर्दिया निकुञ्जमा १२५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ बाघ भेटिएका थिए ।रासस

# मेला–महोत्सवको लहरः आर्थिक गतिविधिमा टेवा



गण्डकी । हरेक हिउँद याममा देशैभर मेला-महोत्सवको लहर नै चल्छ । गण्डकी प्रदेश पनि यतिबेला महोत्सवय बनेको छ । ठाउँ र पर्व विशेषका स-साना उत्सव, मेलादेखि जिल्लास्तरमा भइरहेका ठूला महोत्सवले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाएका छन् । मेला-महोत्सवको आयोजनाबाट आर्थिक गतिविधि र पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने गरेको छ ।

यही पुस ३ देखि १४ गतेसम्म चलेको २१औँ संस्करणको लेखनाथ महोत्सवमा रु ११ करोड २० लाख बराबरको कारोबार भएको आयोजकको दाबी छ । आयोजक लेखनाथ उद्योग वाणिज्य सङ्घका अनुसार तीन लाख ३५ हजार दर्शकले महोत्सव अवलोकन गरे । पोखरा महानगरपालिका-२७ तालचोकमा आयोजित लेखनाथ महोत्सवलाई यस क्षेत्रकै ठूलो महोत्सवका रुपमा लिइन्छ ।

आठौँ संस्करणको बागलुङ महोत्सव मङ्गलबार सकियो । बाह्र दिनसम्म सञ्चालन भएको उक्त महोत्सवमा झण्डै रु आठ करोडको कारोबार भएको आयोजक बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजनकुमार शाक्यले जानकारी दिनुभयो । कला, संस्कृतिको संरक्षणसँगै पर्यटन, कृषि, उद्योग तथा व्यापार प्रवर्द्धनमा महोत्सवले टेवा पुऱ्याएको उहाँले बताउनुभयो । महोत्सवस्थलमा २०० बढी व्यावसायिक कक्ष राखिएका थिए ।

“मेड इन बागलुङका रुपमा स्थानीय उत्पादनको प्रदर्शनी तथा बिक्रीकक्ष छुट्टै राखिएको थियो”, अध्यक्ष शाक्यले भन्नुभयो, “समग्र रुपमा महोत्सव सफल भयो, महोत्सवका बेला आर्थिक गतिविधि चलायमान हुँदा व्यवसायीहरुको मनोबल बढेको छ ।” मेला-महोत्सव मनोरञ्जनस्थल मात्र नभएर पर्यटन र व्यवसाय प्रवर्द्धन गर्ने माध्यम पनि रहेको उहाँको भनाइ छ ।

आठौँ पर्वत महोत्सव यही पुस ९ देखि १९ गतेसम्म चल्यो । आर्थिक विकास र पर्यटन प्रवर्द्धनको उद्देश्यसहित आयोजित उक्त महोत्सवमा रु पाँच करोड बढीको कारोबार भएको आयोजक पर्वत उद्योग वाणिज्य सङ्घले जनाएको छ । महोत्सवमा १५० भन्दा बढी व्यावसायिक कक्ष राखिएको थियो । विगतका महोत्सवको तुलनामा यस वर्ष दर्शकको सङ्ख्या बढ्दा किनमेल पनि बढेको महोत्सवका मूल संयोजक ठाकुर वि पौडेलले बताउनुभयो ।

बाह्रौँ गोरखा महोत्सव पनि अहिले जारी छ । गोरखा उद्योग वाणिज्य सङ्घको आयोजनामा यही पुस १४ गते सुरु भएको महोत्सव पुस २८ गतेसम्म चल्नेछ । पर्यटकीय राजधानी पोखरामा १४औँ संस्करणको पोखरा महोत्सव यही पुस २९ गतेदेखि माघ ११ गतेसम्म आयोजना हुने भएको छ । आयोजक युनाइटेट क्लब, पोखराका अनुसार आर्थिक, सामाजिक र सांस्कृतिक गतिविधिलाई चलायमान बनाउन महोत्सव आयोजना गरिएको हो । उक्त महोत्सवमा कृषि, उद्योग, हस्तकला, सेवा, अटोलगायत गरी दुई सय ५० वटा व्यावसायिक कक्ष रहनेछन् ।

महोत्सवबाट व्यावसायिक नाफाघाटा मात्र नसोचेर सामाजिक उत्तरदायित्व पनि बहन गर्दै आएको क्लबले जनाएको छ । क्लबले महोत्सवको आम्दानीलाई सेती नदीको संरक्षण, पर्यटन प्रवर्द्धनलगायत काममा खर्च गर्दै आएको छ । आगामी माघ ८ गतेदेखि २० गतेसम्म नवौँ लमजुङ महोत्सव आयोजना हुँदैछ । लमजुङ उद्योग वाणिज्य सङ्घद्वारा आयोजित उक्त महोत्सवमा २२५ व्यावसायिक कक्ष रहने जनाइएको छ । एक लाख ५० हजार दर्शकले महोत्सव अवलोकन गर्ने अपेक्षा लिइएको लमजुङ उद्योग वाणिज्य सङ्घले जनाएको छ । अङ्ग्रेजी नयाँ वर्ष २०२६ को छेकोमा यस वर्ष पनि पोखरामा सडक महोत्सव आयोजना गरियो । रेष्टुराँ एण्ड बार एसोसिएसन (रेबान) पोखराद्वारा आयोजित २७औँ संस्करणको सडक महोत्सवले पोखराको पर्यटन प्रवर्द्धन र आर्थिक गतिविधि चलायमान बनाउन महत्वपूर्ण भूमिका खेल्दै आएको ‘रेवान’ पोखराका अध्यक्ष विश्वराज पौडेलले बताउनुभयो । त्यसअघि पोखरा उद्योग वाणिज्य सङ्घको आयोजनामा ३४औँ राष्ट्रिय औद्योगिक व्यापार मेला तथा १३औँ क्यान इन्फोटेक सञ्चालन गरिएको थियो ।

चाडपर्वका मौकामा आयोजना गरिने स-साना मेला-उत्सवले पनि गाउँघरमा उस्तै रौनक थप्ने गरेका छन् । माघेसङ्क्रान्ति पारेर म्याग्दीको बेनी बजार, बागलुङको जैमिनी र पोखराको ढुङ्गेसाँघुलगायतका क्षेत्रमा मेलाको आयोजना गरिँदैछ । यी मेला इतिहास र परम्परासँग जोडिएका छन् । स्थानीय उत्पादन, खेल, कला, संस्कृति, पर्यटन र व्यवसाय प्रवर्द्धनको उद्देश्यसहित मेला-महोत्सवको आयोजना हुने गरेका छन् ।

एकैठाउँमा वस्तु तथा सेवाको किनमेल हुने हुँदा महोत्सवले क्रेता र विक्रेता दुवैका लागि महत्वपूर्ण अवसर सिर्जना गर्ने नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशका सदस्य नरेश कँडेलले बताउनुभयो । “मेला-महोत्सव भइरहनुपर्छ, यसले व्यवसाय प्रवर्द्धनमा ठूलो भूमिका खेल्छ, स्थानीय उत्पादनको पहिचान र बजारीकरणमा पनि सहयोग पुग्छ”, उहाँले भन्नुभयो, “हरेक जिल्लाको आर्थिक विकासको सम्भावना र अवसरको खोजीका लागि पनि यस्ता महोत्सव आयोजना हुनु आवश्यक छ ।”रासस

# थारू बस्तीमा माघीको चहलपहल



राँझा । बाँकेका थारू बस्तीमा माघीपर्वको चहलपहल सुरु भएको छ । नयाँ वर्षको रूपमा लिइने माघीले थारू बस्तीमा रौनक बढाएको छ । थारू गाउँमा यतिबेला माघीको रौनक र चहलपहल बढेको बाँके राप्ती सोनारी गाउँपालिका-३ बैजापुर निवासी थारू अगुवा तुलसीराम थारूले बताउनुभयो ।

“माघीका अवसरमा नाचिने माघीनाच, छोक्रा, हुर्दुग्वा, लठहवालगायतका नाच थारू गाउँमा सुरु भएका छन्”, थारूले भन्नुभयो, “गाउँगाउँमा नाचसँगै माघीको चहलपहल सुरु भएको छ । माघीकै अवसरमा घरघरमा नाचगान गरेर दक्षिणासमेत उठाउने चलन छ ।”

थारू समुदायमा माघीलाई विशेष महत्वका साथ हेरिन्छ । माघीदेखि नै समुदायमा नयाँ कामको र नयाँ व्यवस्था लागू हुने भएकाले यसलाई विशेष रूपमा हेरिने गरेको बाँके बैजनाथका थारू अगुवा चन्द्रबहादुर चौधरीले बताउनुभयो । माघीलाई थारू समुदायमा आआफ्नै तरिकाले मनाउने तर नीति व्यवस्था र गाउँ सञ्चालन प्रक्रिया भने एक वर्षलाई एउटै प्रकृतिको हुने हुँदा यसले रोचकता बढाएको चौधरीले बताउनुभयो । “माघी आएसँगै थारूगाउँमा माघीको रौनक र चहलपहल छुट्टै बढेको छ”, थारू अगुवा चौधरीले भन्नुभयो, “नयाँ पुस्तामा संस्कृतिको संरक्षण र परिस्कृत गर्ने सोच पनि पलाएको छ ।”

माघी थारू समुदायको चाडमात्र नभएर यस अवसरमा नयाँ रीतिथिति, नयाँ अगुवा (मतहवा, भल्मन्सा, मतहवा, बरघर) चुन्ने र नीतिनियम निर्माण गर्ने पर्वका रूपमा रहेको चौधरीको भनाइ छ । पश्चिम नेपालको दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा थारू समुदायको बाक्लो बस्ती रहेकाले पनि माघीको यी जिल्लाहरूमा अझ विशेष महत्वकासाथ मनाउने परम्परा छ ।

गाउँको अगुवा कन्दारदेखि चौकीदारसम्म चुनिने, वर्षभरिका लागि कसलाई के जिम्मेवारी दिने, घरको मूली को बन्ने ? लेनदेन घर सल्लाहलगायत विषयमा छलफल हुने भएकाले यसलाई नयाँ आर्थिक वर्षका रूपमा पनि थारू समुदायले लिने गरेको राप्ती सोनारी-३ का जननिर्वाचित वडाध्यक्ष मीनकुमार थारूले बताउनुभयो ।

“थारू समुदायमा विशेष गरेर पुसको अन्तिम दिनदेखि माघीको प्रभाव देखिने गर्दछ । अहिले थारू गाउँगाउँमा रातभर आगो बाल्ने चलनअनुसार दाउरा सङ्कलन, पिसान कुटान, रङरोगन, जाँड बनाउने ढिक्री पकाउने तथा खानाका अन्य प्रकार निर्माण पूरा गरिएको छ”, उहाँले भन्नुभयो, “माघीकै अवसरमा विभिन्न ठाउँमा मेला महोत्सवकोसमेत आयोजना हुने गर्दछन् ।”

उहाँका अनुसार थारू समुदायमा माघ १ गतेको अघिल्लो दिन रातभरि आगोको धुनी बालेर ताप्ने गर्दछन् । गाउँभरिका मानिसहरू एकठाउँमा जम्मा भएर गाउँको एक ठाउँमा आगो बाली रातभर आगो तापेर रमाइलो गर्दछन् । राति आगो ताप्ने, भाले बासेसँगै नदी, खोलामा नुहाउने गर्दछन् । नुहाएर आफूभन्दा ठूलासँग आशीर्वाद लिने र सानालाई स्नेह गर्ने चलन छ । माघ २ गते गाउँको भेला बोलाएर अगुवा छान्ने र नीतिनियम बनाउने चलन छ । त्यसपछि केही दिन नाचगान गरेर पर्व मनाउने चलन छ । माघीकै अवसरमा नाचिने माघीनाच, छोक्रा, हुर्दुग्वा, लठहवालगायतका नाच नाचिने गरिन्छ । माघी पर्वसँगै थारू संस्कृति संरक्षण र रमाइलोको लागि मगौटा नाच गान सुरु भएको बाँके राप्ती सोनारी-२ कचनापुरका रामदास थारूले जानकारी दिनुभयो ।

**भुवरभवानीमा माघी मेलाको तयारी**

बाँकेको राप्तीसोनारी गाउँपालिका-३ बैजापुरमा अवस्थित भुवरभवानी मन्दिरमा माघी मेलाको तयारी गरिएको छ । थारू समुदायको मुख्यपर्व माघीको अवसरमा यही पुस ३० गतेदेखि माघ ४ गतेसम्म भुवरभवानी माघी मेला सञ्चालनको तयारी गरिएको राप्तीसोनारी गाउँपालिका-३ का वडाध्यक्ष एवं मेलाका संरक्षक मीनकुमार थारूले जानकारी दिनुभयो ।

उहाँका अनुसार यस वर्ष मेलालाई थप व्यवस्थित गर्दै मन्दिर संरक्षण तथा संवर्द्धन समितिले नै मेला सञ्चालन गर्ने भएको छ । मेलामा थारू समुदायको कला, संस्कृति झल्कने सांस्कृतिक प्रस्तुति र स्थानीय उत्पादन व्यापारिक कक्ष राखिने छ ।

विसं २०१३ मा स्थापना भएको भुवरभवानी मन्दिर बाँके जिल्लाकै दोस्रो ठूलो मन्दिरका रूपमा परिचित छ । मेलामा नेपालका विभिन्न जिल्लाका साथै भारतबाट समेत सयौँ दर्शक तथा भक्तजन आउने गरेको राप्तीसोनारी गाउँपालिका उपाध्यक्ष मनिषासिंह थारूले बताउनुभयो ।

“भुवरभवानी मन्दिर नेपाल र भारतमा प्रचलित भएकाले यसको अझ प्रचारप्रसार गर्नसके आस्थाको गन्तव्य बन्न सक्छ”, उपाध्यक्ष थारूले भुवरभवानी माघी मेलाबारे भन्नुभयो, “धर्म र आस्थाको संरक्षणका लागि बाहिरी पर्यटन भित्र्याउन मेला सहयोगी बन्दै आएको छ ।”

उहाँले भुवरभवानी मन्दिर राप्तीसोनारीको प्रमुख ऐतिहासिक धार्मिक धरोहर रहेको बताउँदै यस क्षेत्रलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्नुका साथै मन्दिर क्षेत्रको विकासका लागि गाउँपालिका प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो ।रासस

# टिप्ने बेलाको सुन्तलामा कीरा लागेपछि कृषक चिन्तित



चौतारा । यहाँको चौतारा साँगाचोकगढी नगरपालिका-१, लामिडाँडाका किसान टिप्ने बेलाको सुन्तला कीरा लागेर बोटबाटै झर्न थालेपछि चिन्तित बनेका छन् । बिक्रीका लागि तयार भएको सुन्तलामा औँसे कीरा र पतेरो लागेपछि किसान चिन्तित बनेका हुन् ।

विगतमा लाखौँको आम्दानी दिलाउने सुन्तलाखेती अहिले रोग र कीराको प्रकोपका कारण नष्ट हुँदै गएको स्थानीय किसान भोजबहादुर कार्कीले बताउनुभयो । फल झर्ने, कीरा प्रकोप र रोगले गर्दा अहिले बजारसम्म ल्याउन मुस्किल भइरहेको उहाँको गुनासो छ ।

लामिडाँडाकै अर्का किसान कृष्णबहादुर कार्कीले पनि सुन्तला बेचेर केही वर्षअघिसम्म लाखौँ आम्दानी गर्नुभएको थियो । तर हालै उहाँको बगैँचामा पनि सुन्तलाको बोटमा रोग र सङ्क्रमणका कारण ठूलो क्षति पुगेको छ ।

लामिडाँडामा सुरुमा तीन घरले सुन्तला रोप्ने अभियान थालेका थिए । हाल हरेकजसो घरमा १५ देखि ५० बोटसम्म सुन्तला छन् । तर सबै किसानले लगाएको सुन्तलामा उस्तै समस्या छ । मौसमी प्रकोपबाट सुरु भएको क्षति अहिले ‘कीरा-रोग’ को ठूलो महामारी बनेको छ । असिनाले फूल नष्ट गर्नेदेखि वर्षात्ले असर पारेको छ भने पहिले जस्तो पानी नपर्ने र परिहालेमा ठूलो पर्ने समस्या छ । यो बदलिँदो मौसमले उत्पादनमा नकारात्मक प्रभाव परेको स्थानीय किसान धनबहादुर तामाङ बताउनुहुन्छ ।

जिल्ला कृषि विकास कार्यालय सिन्धुपाल्चोकका कृषि अधिकृत सुयोग भण्डारी रोगकीराले सङ्क्रमित फल माटोमै सड्न नदिने गरी खाल्डो खनेर गाड्नुपर्ने बताउनुहुन्छ । झरेका फलका लार्भा माटोभित्र गइ अर्को वर्ष झनै ठूलो प्रकोप ल्याउनसक्ने भएकाले लार्भालाई माटोमै सड्न दिन नहुने उहाँले बताउनुभयो । रोग र कीराको प्रकोप नियन्त्रण गर्न समय लाग्ने उहाँको भनाइ छ ।रासस

# किवी बिक्री नभएपछि जुस उत्पादन गर्दै महिला उद्यमी



ढोरपाटन । ताराखोला गाउँपालिकाका महिलाले किवीको जुस उत्पादन गर्न थालेका छन् । महँगो मूल्यमा बिक्री हुने आसमा पाँच वर्ष अगाडि महिलाहरूले गाउँका बारीभरि किवी लगाए पनि अहिले बजार पाउन नसक्दा जुस बनाउन थालेका हुन् । उत्पादन बढी भए पनि बजार अभावमा लाखौँको किवी खेर जानबाट रोक्न जुस बनाउन सुरु गरेका हुन् ।

ताराखोला गाउँपालिका-३ स्थित हिलगाउँमा पँधेराखोला अस्तुरी कृषि समूहका महिलाले बारीमा लगाएको किवी लटरम्म फलेपछि उत्साहित थिए । तर उत्पादनअनुसारको माग नआउँदा उनीहरू चिन्तित छन् । सामान्य मात्रामा नजिकको गलकोट, बागलुङलगायतका बजारमा पठाउने गरेको समूहकी सदस्य देउकुमारी रोकामगरले बताउनुभयो ।

दुई वर्ष अगाडिबाटै बारीमा लटरम्म किवी फल्न थालेको भन्दै बजारको समस्याले गर्दा आफूहरू मर्कामा पर्ने अवस्था रहेको उहाँले सुनाउनुभयो । यस वर्षमात्रै एक हजार बढी बोतल जुस उत्पादन गरिसकेको उहाँको भनाइ छ । दुई सय ५० मिलीलिटर र आधा लिटरका बोतलमा जुस प्याकेजिङ गरेर अहिले बजारमा ल्याएको रोकामगरले बताउनुभयो ।

उहाँले भन्नुभयो, “किवीको माग धेरै हुने र पैसा पनि राम्रो पर्छ भन्ने सुनेका थियौँ, धेरैले पनि राम्रो हुन्छ भन्नुभयो र बारीभरि किवी लगायौँ, तर अहिले सोचेजस्तो भएन, बजार पाउनै गाह्रो छ, पाए पनि उचित मूल्य पाउन सकेका छैनौँ, यस वर्ष जुस बनाउने भनेर सुरु गरेका छौँ, माग कस्तो आउँछ ?, परीक्षणमै छौँ, बजार पायो भने हाम्रो जीविकोपार्जनमा सहज हुने थियो ।”

समूहकी कोषाध्यक्ष भवी रोकामगरले अहिले सिङगुजी कृषि उपज प्रशोधन केन्द्रमार्फत किवीको जुस बनाउन लागिएको बताउनुभयो । ताराखोला गाउँपालिकाले सात दिनको तालिम दिएपछि जुस उत्पादन गर्न थालेको उहाँको भनाइ छ । उत्पादनलाई बजारीकरण कसरी गर्ने भन्ने मुख्य चुनौती रहेको भन्दै स्थानीय सरकारले थप सघाउने पर्ने रोकामगरले सुनाउनुभयो । अहिलेसम्म आफूहरूले दशौँ लाख लगानी गरिसकेका उहाँको भनाइ छ ।

स्वास्थ्यका लागि उपयोगी मानिने विकी जुस तयारी भएपछि बढीमा १८ महिनासम्म भण्डारण गर्न मिल्ने गरी प्राविधिक व्यवस्थापन गरिएको छ । गाउँपालिकाले रु तीन लाखमा जुस पेल्ने मेसिन दिएको अध्यक्ष धनबहादुर विकले बताउनुभयो । ताराखोलामा किवीखेतीको ठूलो सम्भावना रहेकाले त्यसका लागि किसानलाई प्रोत्साहित गर्ने काम गर्दै आइरहेको उहाँको भनाइ छ ।रासस

# बजेट अभावले आयोजना निर्माणमा ढिलाइ

भोजपुर । बर्सेनि न्यून बजेट विनियोजन हुँदा भोजपुरको होम्ताङ-पिखुवा लिफ्ट खानेपानी आयोजना निर्माणमा ढिलाइ भएको छ । स्थानीयवासीको दशकौँदेखिको खानेपानी समस्या समाधान गर्ने लक्ष्यसहित सुरु गरिएको यो आयोजना पर्याप्त बजेट अभावका कारण हालसम्म सम्पन्न हुन सकेको छैन ।

आयोजनाको निर्माण कार्य आर्थिक वर्ष २०७५/७६ देखि सुरु गरिए पनि अपेक्षाअनुसार बजेट प्राप्त हुन नसक्दा कामले गति लिन नसकेको निर्माण उपभोक्ता समितिका सचिव राजेन्द्र राईले जानकारी दिनुभयो । उहाँका अनुसार आयोजना ठूलो र प्राविधिक रूपमा जटिल भए पनि हरेक वर्ष न्यून बजेट मात्रै विनियोजन हुँदा निर्माण ढिलाइ भएको छ ।

“यो दीर्घकालीन महत्व बोकेको आयोजना हो”, सचिव राईले भन्नुभयो, “कूल लागतको तुलनामा वार्षिक रूपमा आउने बजेट अत्यन्तै कम छ । त्यही कारण निर्माण अवधि लम्बिएको छ । स्थानीयवासीले अझै पनि पानीको समस्या भोग्नुपरेको अवस्था छ ।”

हालसम्म आयोजनाअन्तर्गत विभिन्न संरचना निर्माण भइसकेका छन् । तर अझै

**आयोजनाको निर्माण कार्य आर्थिक वर्ष २०७५/७६ देखि सुरु गरिए पनि अपेक्षाअनुसार बजेट प्राप्त हुन नसक्दा कामले गति लिन नसकेको निर्माण उपभोक्ता समितिका सचिव राजेन्द्र राईले जानकारी दिनुभयो ।**

पनि एउटा मुख्य ट्याङ्की निर्माण र करिब चार किलोमिटर लामो मुख्य पाइपलाइन विस्तार गर्न बाँकी रहेको निर्माण उपभोक्ता समितिले जनाएको छ । चालु आर्थिक वर्षमा आयोजनाका लागि रु ५५ लाख बजेट विनियोजन गरिएको छ । यो रकम बाँकी काम सम्पन्न गर्न पर्याप्त नभएको समितिले जनाएको छ ।

स्थानीय बासिन्दाको पिउने पानीको समस्या दीर्घकालीन रूपमा समाधान गर्ने उद्देश्यले पिखुवा खोलाबाट सात तहमा लिफ्टिङ प्रणाली प्रयोग गरी पानी बस्तीमा ल्याउने व्यवस्था गरिएको हो । भौगोलिक रूपमा विकट र उचाइमा रहेका बस्तीहरूमा पानी पुऱ्याउन लिफ्ट प्रणाली आवश्यक परेकाले आयोजनाको लागत पनि उच्च रहेको छ । यो आयोजना सम्पन्न भएपछि हतुवागढी गाउँपालिकाका वडा नं १, ५ र ६ मा बसोबास गर्ने करिब एक हजार ४६९ घरधुरी लाभान्वित हुने अपेक्षा गरिएको छ । हाल ती वडाका स्थानीयवासी बर्सात र सुक्खा दुवै समयमा खानेपानीको अभाव झेल्न बाध्य छन् । कतिपय बस्तीमा घण्टौँ हिँडेर पानी बोकेर ल्याउनुपर्ने अवस्था अझै कायमै रहेको स्थानीय बताउँछन् ।

आयोजनाको प्रारम्भिक अनुमानअनुसार कूल लागत रु ३० करोड ९० लाख ८२ हजार रहेको छ । यति ठूलो लागतको आयोजना भए पनि बजेट सन्तुलित रूपमा नआउँदा निर्माण कार्य समयमै सम्पन्न हुन नसकेको भन्दै स्थानीयवासीले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् । स्थानीय सरकार र उपभोक्ता समितिले सङ्घीय तथा प्रदेश सरकारसँग आवश्यक बजेट सुनिश्चित गरी आयोजना छिटो सम्पन्न गर्न आग्रह गर्दै आएका छन् । आयोजना समयमै सम्पन्न हुनसके स्थानीयवासीको खानेपानी समस्या समाधान हुनुका साथै स्वास्थ्य, सरसफाइ र जीवनस्तरमासमेत सकारात्मक प्रभाव पार्ने स्थानीयको भनाइ छ ।रासस

# विशेष महाधिवेशनमा सहभागी नहुन संस्थापन पक्षको दबाव

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसमा तातिएको दोश्रो विशेष महाधिवेशन रोक्ने प्रयासमा पार्टी सभापति शेरबहादुर देउवा र शेखर कोइराला पक्षधर लागेका छन । शनिवार काठमाण्डू जान लागेका प्रतिनिधिहरुलाई रोक्न संस्थापन पक्षले दवाब दिइरहेको बुझिएको छ ।




संस्थापन पक्ष र विशेष महाधिवेशनपक्षधरबिचकोतानातानले महाधिवेशन प्रतिनिधिलाई दबाब पनि बढिरहेको छ । मधेका आठ जिल्ला आफ्नो पक्षमा महाधिवेशन प्रतिनिधिहरूको बहुमत जुटाउन दुवै पक्ष लागिपरेका छन्। देउवा-शेखर पक्षले मधेसबाट सहभागी हुनेहरूको संख्या घटाउने रणनीति अन्तर्गत जिल्ला जिल्लामा शिर्षस्थ नेताहरु म्धेश झरेका छन् भने जिल्ला सभापतिहरु समेतले सहभागी नहुन खुलेर आग्रह गरिरहेका छन् ।

८ वटै जिल्लाका अध्यक्षहरुले संयुक्त रुपमा विज्ञप्ति जारी गरी विशेष महाधिवेशनमा सहभागी नहुन सदस्यहरुलाई आग्रह गरेका छन् । संयुक्त विज्ञप्तिमा महोत्तरी जिल्ला सभापति नागेश्वर प्रसाद यादव, सप्तरी जिल्ला सभापति रामदेव शाह, सर्लाही जिल्ला सभापति डा. सरोज कुमार यादव, बारा जिल्ला सभापति राजेश राय यादव, सिराहा जिल्ला सभापति रामचन्द्र यादव, रौतहट जिल्ला सभापति सुनिल कुमार यादव, पर्सा जिल्ला सभापति जनार्दन सिंह क्षेत्री तथा धनुषा जिल्ला सभापति योगेन्द्र पञ्जियारको हस्ताक्षर रहेको छ ।

यद्यपि विशेष महाधिवेशनको पक्षमा मधेस प्रदेशबाट सबैभन्द धेरै प्रतिनिधिहरूले हस्ताक्षर गरेको भएपनि अहिले कटौती आएको बताइन्छ । कांग्रेस संस्थापन पक्षका आरजु राणा, भानु देउवा तथा शेखर कोइरालाले फोन गरेर मधेसबाट विशेष महाधिवेशनमा सरिक नहुन दबाब बढाइरहेको बताइन्छ। संस्थापन पक्षले अहिले आग्रहलाई अस्वीकार गरे निर्वाचनमा टिकट नदिने धम्की समेत दिइरहेको निकट स्रोतले जनाएको छ ।

महाधिवेशनको समय घर्किँदै जाँदा संस्थापन पक्षका नेताले सिधै फोन गर्ने मात्रै होइन, केन्द्रीय नेताहरूलाई समेत मधेसका जिल्ला-जिल्लामा पठाएको छ । विमलेन्द्र निधि, आनन्द ढुंगानासहितका नेताहरू महाधिवेशन प्रतिनिधिलाई रोक्नकै लागि मधेस झरेका छन् ।

काठमाडौंबाट मधेस झरेका देउवा-शेखर पक्षका केन्द्रीय सदस्यहरुले बिहीबारदेखि हरेक जिल्लामा फोन गरेर, प्रतिनिधिसँग भेटेर कुनैपनि हालतमा आइतबार हुने महाधिवेशनमा जान नदिन दबाब दिइरहेका छन् ।

पर्सा जिल्लाबाट पूर्व सांसद समेत रहेका सुरेन्द्र चौधरी विशेष महाधिवेशनको पक्षमा खुलेका छन्। बाराबाट पूर्वमन्त्री फर्मुल्लाह मन्सुरसहित चन्द्रशेखर यादव, विजयशंकर यादवसहितका नेताहरु खुलेका छन् । रौतहटमा मधेसका मुख्यमन्त्री कृष्णा यादवदेखि लिएर केन्द्रबाट संस्थापनका शीर्ष नेताको दबाबका कारण विशेष महाधिवेशनमा जाने प्रतिनिधिहरूको संख्या घट्ने अनुमान गरिएको छ ।

सर्लाहीमा भने गगन पक्षमा बढी प्रतिनिधि खुलेका छन् । निवर्तमान सभापति सुरेन्द्र सिंह, मधेस प्रदेशका उपसभापति वीरेन्द्र सिंह आफैं गगनको पक्षमा लबिङ गरिरहेको हुनाले सर्लाहीबाट बढी संख्यामा प्रतिनिधि सहभागी हुने आँकलन छ । सिंह दाजुभाइको बलियो पकड रहेको मानिएको सर्लाहीमा बहुमत प्रतिनिधि सहभागी हुनसक्ने अनुमान छ ।

महोत्तरीमा पनि गगन-विश्वप्रकाश पक्षमा बढी प्रतिनिधि खुलेका छन् । निवर्तमान सांसद महिन्द्र रायसहित बर्दिवास नगरपालिकाका मेयर प्रह्लाद क्षेत्री तथा सुशील यादवसहित अन्य प्रभावशाली नेता विशेष महाधिवेशनको पक्षमा माहोल बनाइरहेका छन् ।

धनुषामा भने गगन-विश्वप्रकाशको पक्षमा कम महाधिवेशन प्रतिनिधि खुलेका छन् । देउवा-शेखर पक्षको यहाँ सक्रियता बढेपछि प्रतिनिधिको संख्या घटेको छ । मोक्ता यादव विशेष महाधिवेशनको पक्षमा खुलेको बताइन्छ । जनकपुरका कांग्रेस नेता जीवनाथ चौधरी धनुषाबाट २० प्रतिशतको हाराहारीमा मात्रै प्रतिनिधि सहभागी हुने दाबी गर्छन् ।

सिरहामा कांग्रेसकी पूर्वकेन्द्रीय कोषाध्यक्ष सीता यादव विशेष महाधिवेशनको पक्षमा खुलेकी छन् । सिरहाबाट राम्रै संख्यामा प्रतिनिधिहरू सहभागी हुने अनुमान गरिएको छ । सप्तरीमा जिल्ला सभापति रामदेव साहसहितका नेताहरु विशेष महाधिवेशनको पक्षमा खुलेका छन् ।

संस्थापन र शेखर पक्षले २० प्रतिशत हाराहारीमा मात्रै प्रतिनिधिहरू विशेष महाधिवेशनमा सहभागी हुने दाबी गरिरहेको छ भने गगन-विश्वप्रकाश पक्ष ५५ प्रतिशत हाराहारीमा प्रतिनिधिहरू सहभागी हुने दाबी गर्छ । मधेशका ८ जिल्लामध्ये सर्लाही र महोत्तरीमा गगन-विश्वप्रकाश पक्षको पकड बढी देखिन्छ । यस्तै बारामा पनि उनीहरूको प्रभाव बढी देखिएको छ ।

आठ जिल्ला रहेको मधेसमा प्रत्येक प्रतिनिधि सभाबाट २५ जना महाधिवेशन प्रतिनिधि हुने व्यवस्था अनुसार आठ सय प्रतिनिधि छनोट हुन्छन् । विशेष महाधिवेशनको पक्षमा धनुषा र पर्सा बाहेकका जिल्लामा ५० प्रतिशत बढीले हस्ताक्षर गरेको दाबी गरिदै आएको छ ।

गगन पक्षधरले विशेष महाधिवेशनको पक्षमा सप्तरीमा ६१, सिरहामा ५८, धनुषामा २५, महोत्तरीमा ५३, सर्लाहीमा ७१, रौतहटमा ७०, बारामा ७२ र पर्सामा ३४ जना हस्ताक्षर गरेको दाबी गरिरहेका छन् ।

# नेपाली कांग्रेसको त्यो दुई तिहाइ

ब्लग :



**श्यामसुन्दर शशि**

मुलुकको सबभन्दा पुरानो राजनीतिक दल नेपाली कांग्रेसभित्र विशेष महाधिवेशनबारे गम्भीर विवाद उत्पन्न भइरहेको बेला कांग्रेसको पहिलो विशेष महाधिवेशन तथा त्यो विशेष महाधिवेशन पश्चात् एक ढिक्का भएको कांग्रेसले दुई तिहाइ बहुमत प्राप्त गरेको तथ्यबारे थोरै चर्चा गर्न मन लाग्यो । महामन्त्रीद्वय गगन कुमार थापा र विश्वप्रकाश शर्मा समूहले घोषणा गरेको विशेष महाधिवेशनको कारण फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनमा पार्टी कमजोर हुने तथा पार्टी टुक्रिन समेत सक्ने संस्थापन पक्षको आशंकालाई दृष्टिगत गर्दा कांग्रेसको पहिलो विशेष महाधिवेशन बारे बुझ्नु आवश्यक छ ।

नेपाली कांग्रेसको पहिलो महाधिवेशन कोलकाताको भवानीपुरमा वि.सं २००३ माघ १२ र १३ गते भएको थियो । पहिलो महाधिवेशनबाट टङ्कप्रसाद आचार्य सभापति र बि.पी. कोइराला कार्यवाहक सभापति चयन भएका थिए । कांग्रेसको दोस्रो महाधिवेशन बनारसमा विसं २००४ माघ २० र २१ गते भएको थियो । बि.पी. कोइराला सभापति निर्वाचित भएका थिए । तेस्रो महाधिवेशन भारतकै दरभङ्गामा विसं २००५ फागुन १८ देखि २० गते भएको थियो र मातृकाप्रसाद कोइराला सभापति भएका थिए । भारतकै कोलकातामा विसं २००६ चैत २६ र २७ गते सम्पन्न चौथो महाधिवेशनबाट मातृकाप्रसाद कोइराला पुनः सभापति बनेका थिए ।

कांग्रेसको पाँचौं महाधिवेशन २००९ साल जेठ १० देखि १३ गतेसम्म जनकपुरधाममा सम्पन्न भएको थियो र बि.पी कोइराला पुनः सभापतिमा निर्वाचित भएका थिए । तर वीरगञ्जमा विसं २०१२ माघ ९ देखि १३ गतेसम्म भएको छैठौं महाधिवेशन बि.पी. कोइराला नेतृत्वमा आउन चाहनु भएन । सभापतिमा सुवर्ण शमशेर राणा र गणेशमान सिंहबीच प्रतिस्पर्धा भएको थियो । सुवर्ण शमशेर सभापति निर्वाचित भएका थिए । यस महाधिवेशनले पारित गरेको 'प्रजातान्त्रिक समाजवाद' आज पनि नेपाली कांग्रेसको नीति हो । वीरगञ्ज महाधिवेशनले कांग्रेसमा विशेष महाधिवेशनको पटकथा लेखिएको थियो ।

नेपाली कांग्रेसको दबाबमा राजा महेन्द्र शाहले आमनिर्वाचनको घोषणा त गरेका थिए । तर घोषित मिति सार्ने, नयाँ मन्त्रिमण्डल बनाउने लगायतका नाममा तिकडमबाजी गरिरहेका थिए । राजालाई चुनावका लागि दबाब दिन सुवर्ण शमशेरलाई सशक्त काँग्रेस र सशक्त नेता चाहिएको थियो । उनी बि.पी. कोइरालाको नेतृत्वमा आम निर्वाचनमा जान चाहेका थिए । यसका लागि उनले सप्तरीको राजविराजमा ८ चैत २०१३ देखि नेपाली कांग्रेसका जिल्ला सभापति र सचिवहरूको दुई दिने सम्मेलन डाक्नु भयो । अनि त्यही सम्मेलनबाट विराटनगरमा विशेष महाधिवेशन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गराउनु भयो । जिल्ला सभापति र सचिवहरूको सम्मेलनले पारित गरेको प्रस्तावमा अनुसार १० जेठ २०१४ मा कांग्रेसको विशेष अधिवेशन विराटनगरमा सम्पन्न भयो र उद्घाटन मन्तव्यमै सभापति सुवर्ण शमशेरले बी.पी. कोइरालालाई पार्टीको नेतृत्व लिन अनुरोध गर्नु भयो ।

उहाँले भन्नु भएको थियो- 'निर्धारित समयमा चुनाव गराउन सरकारलाई बाध्य गराउन र चुनावमा विजय हासिल गनसक्षम र गतिशील नेतृत्वको आवश्यकता छ । त्यसैकारण सभापति पदबाट मैले आफूले राजीनामा गर्ने निर्णय गरिसकेको छु र त्यो पद अब फेरि साथी विश्वेश्वर प्रसाद कोइरालाजीले सम्हाल्नुपर्छ भन्ने मेरो अनुरोध छ ।'



दुई दिनसम्म चलेको विशेष महाधिवेशनबाट बी.पी. कोइरालालाई सर्वसम्मत सभापति चयन भए । सभापति सुवर्ण शमशेर कोषाध्यक्ष भए अनि विश्वबन्धु थापा र तुलसी गिरी महामन्त्री चयन भए । राजा महेन्द्र शाहको आह्वानमा ७ फागुन २०१५ बाट शुरू भएको आम निर्वाचन विभिन्न चरणमा गरी २८ वैशाख २०१६ मा अन्तिम परिणाम घोषणा भएको थियो । बी.पी कोइरालाको सबल नेतृत्वमा सम्पन्न पहिलो संसदीय चुनावमा कांग्रेसले १०९ सिट मध्ये दुईतिहाइ बहुमत अर्थात् ७४ सिट मा विजय प्राप्त गरेको थियो । कम्युनिस्ट पार्टीले चार सीट, नेपाल राष्ट्रवादी गोरखा परिषद्ले १९ सिट, संयुक्त प्रजातन्त्र पार्टीले पाँच सिट जितेको थियो भने नेपाल प्रजा परिषद् (कोदालो) ले दुई र नेपाल प्रजापरिषद् (हलो) ले एक सिट जितेका थिए । स्वतन्त्र उम्मेदवारले चार सिटमा जितेका थिए ।

आठ दशक पुरानो मुलुकको सबभन्दा जेठा पार्टी नेपाली कांग्रेसमा ६८ वर्षपछि पुनः विशेष महाधिवेशनको चर्चा चरममा छ । त्यतिबेला राजा महेन्द्रको चालवाजीलाई चिर्दै आम निर्वाचनमा पार्टीलाई जीत दिलाउने लक्ष्य तत्कालीन सभापति सुवर्ण शमशेर राणाको थियो र उनले यसका लागि विशेष महाधिवेशनमार्फत नेतृत्वमात्र त्यागेनन् केन्द्रिय समितिमा कोषाध्यक्षको रुपमा काम गर्न तयार भए ।

संविधान जारी भए यता दुई पटक र समग्रमा पाँच पटक प्रधानमन्त्री भइसकेका आजका कांग्रेस सभापति शेरबहादुर देउवा र उनी पक्षका नेताजीहरु विशेष महाधिवेशन टार्न भए भरका वल लगाउँदै छन् । विशेष महाधिवेशनले पार्टीलाई सबल बनाउँछ कि कमजोर ? यसबारे अहिल्यै नै भन्न सकिने अवस्था छैन । तर जेन-जी आन्दोलन पश्चात् वालुवाको महल जस्तै दुई तिहाइको सरकार ढलेको दृश्य हेर्ने कांग्रेस सभापति देउवासंग सुवर्ण शमशेर बन्ने सुन्दर विकल्प थियो ।

# सामाजिक संस्कार बिना आर्थिक समृद्धि असम्भव

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले सामाजिक संस्कारको विकास बिना आर्थिक संस्कारको सुधार सम्भव नहुने स्पष्ट पारेका छन् ।



वीरगञ्जमा शुक्रवार सम्पन्न 'आत्मनिर्भर समृद्ध वीरगंज-एक विराट सम्भावना' विषयक बृहत अन्तरक्रिया कार्यक्रममा बोल्दै मेयर सिंहले मानसिकताको परिवर्तन बिना दिगो आर्थिक समृद्धि हासिल गर्न नसकिने बताए ।

मेयर सिंहले गलत प्रवृत्तिको खुलेर विरोध गर्नुपर्नेमा जोड दिँदै युवाहरू विशेषगरी लहैलहैमा लाग्ने प्रवृत्तिबाट सचेत हुनुपर्ने उल्लेख गरे । "कसैको प्रभाव वा दबाबमा नपरी युवाहरू सकारात्मक र सिर्जनात्मक कार्यमा अग्रसर हुनुपर्छ," उनले भने । वैभवशाली वीरगंज निर्माणका लागि सबै सरोकारवालाबीच सहकार्य आवश्यक रहेको बताउँदै उनले संघीय सरकारले वीरगंजलाई उपेक्षा गरेको आरोप लगाए ।

देशभर आपूर्ति हुने अधिकांश सामान वीरगंज हुँदै जाने गरे पनि केवल ढुवानी मार्गका रूपमा सीमित हुँदा यहाँका नागरिकले धुलो-धुवाँ सहनुपरेको र अपेक्षित सुविधा नपाएकोप्रति उनले असन्तोष व्यक्त गरे ।

कार्यक्रममा मधेश विश्वविद्यालयका उपकूलपति प्राध्यापक डा. दीपक शाक्यले उद्यमशीलताको विकास अपरिहार्य रहेको बताए । अब जागिर खोज्ने होइन, रोजगारी सिर्जना गर्ने संस्कार विकास गर्नुपर्नेमा उहाँले जोड दिए । आर्थिक संस्कारले नै बजारलाई चलायमान बनाउने भएकाले स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो ।

नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानीले तराई-मधेश द्रुत मार्ग निर्माणपछि वीरगंजको तीव्र विकास हुने विश्वास व्यक्त गर्नुभयो । एकीकृत सुरक्षा जाँच चौकी (आईसीपी), सुख्खा बन्दरगाह (ड्राइपोर्ट) र वीरगंज भन्सार कार्यालय जस्ता संरचना हुँदाहुँदै पनि त्यसको प्रत्यक्ष लाभ शहरले लिन नसकेको उनले बताए ।

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतमले वीरगञ्जसँगै पर्सा र बारा जिल्लासमेत प्रभावित हुने गरी सरकार निजी क्षेत्रमैत्री नहुँदा उद्योग-कलकारखाना धराशायी हुँदै गएको बताउनुभयो । तीनै तहका करको बोझका कारण व्यवसायी पलायन हुनुपर्ने अवस्था सिर्जना भएकोप्रति उनले चिन्ता व्यक्त गरे ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक सुदिपराज पाठकले वीरगंज आफैंमा आर्थिक संस्कारयुक्त शहर भए पनि पछिल्लो समय अतिवाद बढ्दै गएको टिप्पणी गर्नुभयो । वीरगंजको पहिचान जोगाउन यहाँ रहेका प्रचुर सम्भावनाको उचित व्यवस्थापन र प्रवर्द्धन आवश्यक रहेको उनले बताए ।

पिङ्क रोज मिडियाकी अध्यक्ष अमृता पाण्डेले आर्थिक नगरी वीरगंजको दिगो समृद्धिका लागि आर्थिक संस्कार अपरिहार्य रहेको आत्मबोधका साथ कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो । संस्थाका प्रबन्ध निर्देशक राजेश महर्जनले पनि आर्थिक चेतना र सहकार्यबाट मात्र वीरगंजको सम्भावनालाई यथार्थमा रूपान्तरण गर्न सकिने धारणा राखेका थिए ।

कार्यक्रममा उद्योगी अशोक वैद्य, नेपाल चिकित्सक संघका केन्द्रीय उपाध्यक्ष डा. निरज कुमार सिंह, रेडियो वीरगंजका कार्यकारी अध्यक्ष ध्रुव साह, अर्थविद् डा. दिपेन्द्र कुमार चौधरी, नेपाल राष्ट्र बैंक वीरगंजका निर्देशक सुशिल पौडेल, पर्सा जिल्ला अदालत बार एसोसिएशनका अध्यक्ष रामनारायण कुर्मी लगायतले आ-आफ्नो धारणा राखेका थिए।

अन्तरक्रियामा सहभागीहरूले शिक्षा र स्वास्थ्यजस्ता आधारभूत आवश्यकताका क्षेत्रमा बाहिरिने रकम स्वदेशमै खर्चिने वातावरण निर्माण गर्नुपर्ने कुरामा जोड दिएका थिए ।

# राष्ट्रिय सभामा कांग्रेस एमाले गठबन्धन बलियो




**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय सभा निर्वाचनतर्फ मधेश प्रदेशमा कांग्रेस एमालेको भारी बहुमत देखिएको छ। निर्वाचन आयोगका अनुसार मधेश प्रदेशको कुल मतभार १० हजार ५८५ मतदाता रहेकोमा

कांग्रेस-एमाले-जसपा नेपाल गठबन्धनको पक्षमा ८ हजार १८६ मत रहेको छ ।

यस प्रदेशमा रहेका १०४ प्रदेशसभा सदस्य र १३६ स्थानीय तह मध्ये ५ जना निलम्बनमा परेकोमा २६७ मतदाता रहेको छ । स्थानीय तहमा राष्ट्रिय सभा निर्वाचनमा प्रमुख तथा उपप्रमुख राष्ट्रिय सभा मतदाता रहने व्यवस्था रहेको छ। प्रदेश सभातर्फ ५ हजार ५१२ र स्थानीय तहतर्फ ५ हजार ७३ मत रहेको छ ।

कांग्रेस-एमाले-जसपा नेपाल गठबन्धनको पक्षमा प्रदेश सभातर्फ ३ हजार ८१६ र स्थानीय तह जनप्रतिनिधितर्फ ४ हजार ३७० मत रहेको छ ।

**कांग्रेस-एमाले-जसपा नेपाल गठबन्धनको पक्षमा प्रदेश सभातर्फ ३ हजार ८१६ र स्थानीय तह जनप्रतिनिधितर्फ ४ हजार ३७० मत रहेको छ ।**

निर्वाचन कार्यालयको विवरण अनुसार कांग्रेसका २२ प्रदेशसभा सदस्य र १०१ स्थानीय तहका प्रमुख-उपप्रमुख गरी ८५ मतभार छ । त्यसपछि एमाले दोस्रो स्थानमा छ, जसका २४ प्रदेशसभा सदस्य र ५५ स्थानीय तहका प्रतिनिधिबाट २ हजार ३१७ मतभार बनेको छ ।

तेस्रो शक्तिका रूपमा जनता समाजवादी पार्टी नेपाल रहेको छ । जसपा नेपालका १८ प्रदेश सांसद र ५० स्थानीय तहका प्रतिनिधिबाट १ हजार ९ हजार ४३ मतभार पुगेको छ । लोकतान्त्रिक समाजवादी पार्टीका ८ प्रदेश सांसद र २४ स्थानीय तहका प्रतिनिधिबाट ८८० मतभार रहेको छ । लोसपाको २४ मतदातामा धनौजी गाउँपालिकामा उपमेयर कारवाहीमा परेपछि २३ जनप्रतिनिधि रहेकोमा एकीकृत तमलोपा पार्टीका एक स्थानीय जनप्रतिनिधि जोडिएपछि २४ जनप्रतिनिधिको मतभार कायमै रहेको छ ।

माओवादी केन्द्रका ९ प्रदेश सांसद र १६ स्थानीय तहका प्रतिनिधिबाट ७८१ मतभार कायम छ । नेकपा एकीकृत समाजवादीका ७ प्रदेश सांसद र ११ स्थानीय तहका प्रतिनिधिबाट ५८० मतभार रहेको देखिन्छ ।

यता कुन गठबन्धन दललाई मत दिने हो भन्ने अन्यौलमा जनमत, नागरिक उन्मुक्ति पार्टी, राप्रपा, संघीय समाजवादी पार्टी, विवेक साझा पार्टी र तीन जना स्थानीय जनप्रतिनिधि रहेको छ । निर्वाचन आयोगले स्वीकृत गरेको कार्यतालिका अनुसार पुस १९ गते मतदाता नामावली सार्वजनिक, नामावलीमाथि परेका दाबी-विरोध तथा उजुरीको छानबिन गरी पुस २२ गते सम्पन्न भई अन्तिम मतदाता नामावली प्रकाशन गरिनेछ ।

उम्मेदवारको मनोनयन दर्ता भइसकेको छ भने उम्मेदवारलाई नाम फिर्ता लिने समयावधि पुस २७ गते राखिएको छ । पुस २८ गते उम्मेदवारले निर्वाचन चिन्ह प्राप्त गर्नेछन् । माघ ११ गते बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा चुनाव हुनेछ ।

# थुनामा रहेका आरोपी पनि एमालेबाट सिफारिस

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा एमालेले घुस अभियोगमा थुनामा रहेका पूर्वमन्त्री समेतको नाम सिफारिस गरेको छ । पोखराको बाटुलेचौरस्थित लिची बगानको जग्गा हिनामिना प्रपञ्चमा घूस लेनदेनको अभियोगमा थुनामा रहेका पूर्वमन्त्री राजकुमार गुप्तासहित ४ वटा निर्वाचन क्षेत्रबाट २४ जनालाई उम्मेदवार सिफारिस गरेको हो ।

पर्साका ४ वटै प्रतिनिधि सभा निर्वाचन क्षेत्रका लागि एमालेका क्षेत्रिय समन्वय समितिहरुले २४ जना सम्भावित उम्मेदवारको नाम सिफारिस गरेका हुन् । निर्वाचन क्षेत्र नम्बर १ बाट अरविन्द सिंह, प्रभु हजरा, वसरुदिन अन्सारी, इन्दु घिमिरे, सुन्दर प्रसाद कुर्मी, नवराज शर्मा र ममता गुप्ताको नाम सिफारिस भएको छ ।

क्षेत्र नम्बर २ बाट निर्मला देवकोटा, राजकुमार गुप्ता, अरविन्द सिंह र मनोज कुशवाहको नाम सिफारिस भएको छ । क्षेत्र नम्बर ३ बाट भगवान प्रसाद कुर्मी, मन्जुर आलम, तेजप्रकाश निषाद, रामबावु यादव, प्रमोद जयसवाल, राजकुमार गुप्ता, रुपेश पाण्डेय, मन्जु देवी कुर्मी, मनिर आलम र शिव पटेलको नाम सिफारिस भएको छ । क्षेत्र नम्बर ४ बाट जालिम मियाँ, वीरेन्द्र प्रसाद यादव र गोकुली कुमारी रेग्मी छन् । रेग्मी ठोरी गाउँपालिकाकी उपप्रमुख पनि हुन् ।

क्षेत्र नम्बर ३ बाट उम्मेदवार सिफारिस भएका पूर्वमन्त्री गुप्तालाई पोखराको बाटुलेचौरस्थित लिची बगानको जग्गा हिनामिना प्रपञ्चमा घूस लेनदेनमा विशेष अदालतले अघिल्लो बुधबार पुर्पक्षका लागि थुनामा पठाउन आदेश गरेको थियो । एमाले जिल्ला कमिटी सचिव महेश दासले जिल्ला कमिटीका पदाधिकारीको बैठकले क्षेत्रिय समन्वय समितिबाट प्राप्त सबै नाम प्रदेश कमिटीमा सिफारिस गरिएको बताए।

# कारभित्र अफिम बरामद

**टुडे समाचारदाता**

रौतहट । बारा जिल्लाको प्रसौनीमा प्रहरीले कारभित्र लुकाएर ओसारपसार गर्दै गरेको २ किलोभन्दा बढी लागूऔषध अफिम बरामद गरेको छ । घटनामा संलग्न आरोपमा तीन जना पक्राउ परेका छन् ।




विशेष सूचनाका आधारमा बिहीबार अपराह्न करिब ४:३० बजे इलाका प्रहरी कार्यालय प्रसौनी बारा र लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय पर्साको संयुक्त टोलीले प्रसौनी गाउँपालिका-१ नकटुवास्थित पतञ्जली क्षेत्रबाट नकटुवातर्फ जाँदै गरेको ब्रच ०१ ऋी ६०७९ नम्बरको कारलाई रोकी जाँच गरेको थियो ।

जाँचका क्रममा कारको पछाडिको सिटमाथि राखिएको कालो प्लास्टिकभित्र २ किलो २४ ग्राम अफिम (दुई पोका) फेला परेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ। अफिमसहित कारमा सवार तीनै जनालाई तत्काल नियन्त्रणमा लिइएको प्रहरीले बताएको छ ।

पक्राउ पर्नेहरूमा पर्सा बहुदरमाई नगरपालिका-७ का ३८ वर्षीय निलेश पटेल कुर्मी, पर्सा वीरगञ्ज महानगरपालिका-११ का करिब ३२ वर्षीय जौवाद अहमद र पर्सा बिन्दावासिनी गाउँपालिका-२ का ४८ वर्षीय शेषनाथ चौरसिया रहेका छन् ।

प्रहरीका अनुसार बरामद अफिम र कार नियन्त्रणमा लिई लागूऔषध सम्बन्धी कसुरमा थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८